वार्षिक प्रगति पुस्तिका
आ.व. २०८२/०८३

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग

# पशु क्वारेन्टाइन कार्यालय

## गड्डाचौकी, कञ्चनपुर






निसंक्रमण



क्वारेन्टाइन जाँच



महामारी रोग नियन्त्रण



पशु स्वास्थ्य जाँच तथा उपचार

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कञ्चनपुर • वार्षिक प्रगति पुस्तिका

आ.व. २०८२/८३

# वार्षिक प्रगति पुस्तिका




## आ.व. २०८२/८३

# पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर

## Map Showing Location of Animal Quarantine Checkpost Under Animal Quarantine Office, Gaddachauki, Kanchanpur



# हाम्रो भनाई



नेपालको कृषि प्रणालीमा पशुपालन क्षेत्र आर्थिक समृद्धि, पोषण सुरक्षा, रोजगारी सिर्जना तथा ग्रामीण जीवनस्तर उकास्ने प्रमुख आधारको रूपमा स्थापित रहेको छ। पशुपन्छी तथा पशुजन्य पदार्थको उत्पादन र अन्तर्राष्ट्रिय व्यापार निरन्तर विस्तार हुँदै जाँदा पशु स्वास्थ्य सुरक्षा, खाद्य सुरक्षा, जैविक सुरक्षा (Biosecurity) तथा सुरक्षित व्यापार सुनिश्चित गर्ने दायित्व अझ महत्वपूर्ण बन्दै गएको छ। यस परिवेशमा पशु क्वारेन्टाइन सेवा केवल प्रशासनिक प्रक्रिया मात्र नभई राष्ट्रिय पशुधन संरक्षण, सार्वजनिक स्वास्थ्य सुरक्षा र अन्तर्राष्ट्रिय व्यापारको विश्वसनीयताको आधारस्तम्भका रूपमा स्थापित भएको छ। नेपालले विश्व पशु स्वास्थ्य संगठन (WOAH) का मापदण्ड, विश्व व्यापार संगठन (WTO) अन्तर्गतको स्वच्छता तथा वनस्पति स्वास्थ्य (SPS) सम्झौता तथा राष्ट्रिय कानुनी व्यवस्था अनुसार सुरक्षित आयात निर्यात प्रणालीलाई सुदृढ बनाउँदै आएको छ। खुला अन्तर्राष्ट्रिय सीमा, बढ्दो सीमापार व्यापार तथा सिमाबिहिन पशु रोगहरूको जोखिमलाई मध्यनजर गर्दै प्रभावकारी क्वारेन्टाइन प्रणालीको विकास आजको अपरिहार्य आवश्यकता हो। यस्ता चुनौतीहरूको सामना गर्दै सीमाबाट रोगको प्रवेश रोक्नु, सुरक्षित व्यापारलाई प्रवर्द्धन गर्नु तथा राष्ट्रिय पशुधनको संरक्षण गर्नु हाम्रो साझा जिम्मेवारी हो।

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कञ्चनपुरले आर्थिक वर्ष २०८२/८३ मा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको प्रभावकारी परिचालन गर्दै पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको क्वारेन्टाइन परीक्षण, आयात निर्यात नियमन, रोग निगरानी (Surveillance), नमुना संकलन तथा प्रेषण, निःसंक्रमण, अवैध पैठारी नियन्त्रण, सीमा क्षेत्रका सरोकारवालासँग समन्वय, जनचेतनामूलक कार्यक्रम, तथ्यांक व्यवस्थापनको लागि सफ्टवेयर निर्माण तथा संस्थागत सुदृढीकरणका विविध कार्यहरू सफलतापूर्वक सञ्चालन गरेको छ। सीमावर्ती क्षेत्रमा कार्यरत सुरक्षा निकाय, भन्सार कार्यालय, स्थानीय प्रशासन तथा अन्य सरोकारवाला निकायहरूसँगको सहकार्यले कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ। यस वार्षिक प्रगति पुस्तिकामा आर्थिक वर्ष २०८२/८३ अवधिमा कार्यालय तथा मातहतका चेकपोष्टहरूबाट सम्पादित प्रमुख कार्यक्रम, आयात—निर्यातको अवस्था, क्वारेन्टाइन परीक्षण, रोग निगरानी, पूर्वाधार विकास, अवैध पैठारी नियन्त्रण तथा अन्य महत्वपूर्ण उपलब्धिहरू तथ्याङ्कसहित समावेश गरिएको छ। यस पुस्तिकाले कार्यालयको कार्यसम्पादनको अभिलेखीकरण गर्नुका साथै नीति निर्माण, योजना तर्जुमा, अनुसन्धान तथा भावी कार्यदिशा निर्धारणमा समेत उपयोगी सन्दर्भ सामग्रीको रूपमा योगदान पुर्‍याउने विश्वास लिएको छु।

यस पुस्तिका प्रकाशनका लागि आवश्यक तथ्याङ्क, सूचना तथा सुझाव उपलब्ध गराई सहयोग गर्नुहुने पशु सेवा विभाग, पशु क्वारेन्टाइन महाशाखा, मातहतका सम्पूर्ण पशु क्वारेन्टाइन चेकपोष्टहरू, कार्यालयका कर्मचारीहरू, सुरक्षा निकाय, भन्सार प्रशासन, स्थानीय तह, सञ्चारमाध्यम, व्यवसायी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै सीमामा पशु स्वास्थ्य सुरक्षा कायम राख्ने अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने सम्पूर्ण महानुभावप्रति सम्मान व्यक्त गर्दछु। अन्त्यमा, यस पुस्तिकाले पशु क्वारेन्टाइन सेवाको महत्व, कार्यालयका कार्यसम्पादन तथा उपलब्धिहरूलाई आमपाठकसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्न सफल हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु। यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझाव, सल्लाह तथा पृष्ठपोषणले आगामी दिनमा हाम्रो सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र गुणस्तरीय बनाउन प्रेरणा प्रदान गर्नेछ।

**डा. अरुण खनाल**
**नि. कार्यालय प्रमुख**

# विषयसूची

१. क्वारेन्टाइन बारे संक्षिप्त जानकारी ........ १
१.१. परिचय ........ १
१.२ पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी र पशु क्वारेन्टाइन चेकपोष्टहरु मार्फत सञ्चालन हुने मुख्य कार्यक्रमहरु ........ ३
१.३ पशु क्वारेन्टइनको परिचय ........ ५
१.४ व्यापारको विश्वव्यापीकरण तथा क्वारेन्टाइन ........ ६
१.५ पशु क्वारेन्टाइनको आवश्यकता ........ ७
२. नेपालमा पशु क्वारेन्टाइन सेवाको विकासक्रम ........ ७
२.१. ऐतिहासिक पृष्ठभूमी ........ ७
२.२. पशु क्वारेन्टाइन कार्यालयको उद्देश्य ........ ८
२.३ नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना ........ ८
३. पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कञ्चनपुर ........ ९
३.१. परिचय ........ ९
३.२. कार्यक्षेत्र ........ १०
३.३ स्वीकृत दरबन्दी तथा जनशक्ति विवरण ........ ११
३.४ सांगठनिक ढाँचा ........ १२
३.५ कर्मचारी विवरण ........ १२
३.६ अचल सम्पत्ति तथा भौत्तिक पूर्वाधार सम्बन्धि विवरण: ........ १३
३.७ मुख्य कार्यक्रम तथा क्रियाकलापहरु ........ १४
४. आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन ........ १५
४.१. वार्षिक प्रगति प्रतिवेदन ........ १५
४.२ पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको वार्षिक आयात निर्यात विवरण ........ १९
४.३ आ. व. २०८२/८३ को वार्षिक फिड सप्लिमेन्ट आयात विवरण: ........ २०
४.४ आ.व २०८२/८३ को गाई भैसीको दानाको आयातको विवरण: ........ २१
४.५ आ.व २०८२/८३ को सोया लेसिथिनको आयातको विवरण ........ २१
४.६ आ. व. २०८२/८३ को माछाको दाना आयात विवरणः ........ २२
४.७ लिलाम विवरण ........ २४
४.८ अवैध समातिएका पशु तथा पशुजन्य पदार्थहरू नष्ट गरेको विवरण ........ २५
४.९ आ. व. २०८२/८३ मा सम्पन्न केहि कार्यक्रमहरुः ........ २५
४.१० राजस्व संकलन विवरण: ........ २८
४.११ आ.व. २०८२/८३ वार्षिक क्वारेन्टाइन जाँच सम्बन्धि विवरण विवरण ........ २८
४.१२ बेरुजु सम्बन्धी विवरण: ........ २८
५. पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको कार्यक्षेत्र भित्र आयात निर्यातको अवस्था ........ २९
५.१ आयातको अवस्था ........ २९
५.१.१ पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको आयातको तुलनात्मक अवस्था ........ २९
५.२ निर्यातको तुलनात्मक अवस्था ........ ३१
६ पशु,पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको नष्ट सम्बन्धि तुलनात्मक विवरण ........ ३२
७ अवैध पशु तथा पशुजन्य पदार्थहरुको लिलाम सम्बन्धि तुलनात्मक विवरण ........ ३३
८. पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको सुशासन सम्बन्धि विवरण ........ ३३
८.१ सुशासन तर्फ थालिएका प्रयासहरू ........ ३३
८.२ पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको नागिरक बडापत्र ........ ३४
८.३ अनुगमन तथा निरीक्षण सम्बन्धि विवरण ........ ३५

९. पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरमा हालसम्म सेवा प्रदान गरेका कार्यालय प्रमुखहरूको नामावली सूची ............... ३६
१०. पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर मातहत कार्यरत कर्मचारी विवरण: ....................................... ३७
११. समस्याहरू........................................................................................................................ ३८
१२. भावी दिशा ........................................................................................................................ ३८
१३. कार्यालय र मातहतका चेकपोष्टको सम्पर्क ............................................................................ ४२
१४. आ.व. २०८२/८३ मा सम्पादित क्रियाकलापहरुको तस्वीरहरु: ...................................................... ४३

# १. क्वारेन्टाइन बारे संक्षिप्त जानकारी

## १.१. परिचय

नेपालको अर्थतन्त्रमा कृषि तथा पशुपालन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। नेपाल सरकारको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार राष्ट्रिय गार्हस्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान करिब २४ प्रतिशत रहेको छ। पशुपालन क्षेत्रले कृषि गार्हस्थ उत्पादनमा करिब २४ प्रतिशत तथा कुल GDP मा करिब ६ प्रतिशत योगदान पुऱ्याएको छ। साथै, देशको ५० प्रतिशतभन्दा बढी जनसंख्या कृषि तथा पशुपालन व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्भर रहेको छ। आन्तरिक उत्पादनले बजारको माग पूर्ण रूपमा पूरा गर्न नसक्दा पशुपन्छी, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको आयात हुँदै आएको छ। यससँगै सीमापार संक्रामक पशुरोग नेपालमा प्रवेश गर्ने जोखिम पनि कायम रहेको छ। चीनको तिब्बत तथा भारतसँग रहेको खुला सीमाना र बढ्दो अन्तर्राष्ट्रिय व्यापारका कारण पशु स्वास्थ्य संरक्षण, सुरक्षित व्यापार प्रवर्द्धन तथा रोगहरूको रोकथामका लागि प्रभावकारी पशु क्वारेन्टाइन सेवा अपरिहार्य रहेको छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६, पशु ढुवानी मापदण्ड २०६४ र पशु कल्याण निर्देशिका २०७३ मा पशु क्वारेन्टाइन सम्बन्धी अपनाउनु पर्ने नियम तथा मापदण्ड एवम् पशु प्रति हुने निर्दयीता रोक्न र पशु कल्याण सम्बन्धी व्यवस्था गरिएका छन्। यस ऐन र सोको नियमावली अनुसार भएका क्वारेन्टाइन सम्बन्धी व्यवस्थाहरुः

**१. क्वारेन्टाइन चेकपोष्टको स्थापना (परिच्छेद २ दफा ३)**

- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै पनि क्षेत्रमा स्थायी वा अस्थायी प्रकृतिका क्वारेन्टाइन चेकपोष्ट स्थापना गर्नेछ।

**२. क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने (परिच्छेद २ दफा ४)**

- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न सक्नेछ।
- निजि क्षेत्रलाई पनि क्वारेन्टाइन स्थल निर्माण गर्न नेपाल सरकारले अनुमति दिन सक्नेछ।
- गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहनेले विभागबाट सिफारिस पत्र लिनु पर्नेछ।
- गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ।

**३. क्वारेन्टाइन अधिकृतको नियुक्ति (परिच्छेद २ दफा ५)**

- नेपाल सरकारले स्थापना भएको क्वारेन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ।

**४. क्वारेन्टाइनमा राख्नुपर्ने (परिच्छेद २ दफा ६)**

- पैठारीकर्ताले पैठारी गरेका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ।
- क्वारेन्टाइनमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना पानी र सुरक्षाको व्यवस्था सम्बन्धित पैठारीकर्ताले गर्नु पर्नेछ।
- क्वारेन्टाइनमा राखिएका पशु मरेमा पैठारीकर्ताले कुनै प्रकारको क्षतिपूर्तिको दावी गर्न पाउने छैन।

**५. प्रमाण पत्र दिनु पर्ने (परिच्छेद २ दफा ७)**

- क्वारेन्टाइन अधिकृतले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी जाँच गरेपछि तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

**६. निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त (परिच्छेद २ दफा ८)**

- निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तोकिए बमोजिम हुनेछ।

**७. क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्ने (परिच्छेद २ दफा ९)**

- पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ।

**८. पैठारी गर्न प्रतिबन्ध लगाउन सक्ने (परिच्छेद २ दफा १०)**

- नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिएका रोगहरु भएको पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

**९. प्रवेश गर्न रोक लगाउन सक्ने (परिच्छेद २ दफा ११)**

देहाय अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ.

- पैठारी गरिएका पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन ठाउँबाट ल्याएको हो सो ठाउँमा संक्रमक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,
- पैठारीकर्ताले पैठारी गर्ने पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिएको बमोजिम संक्रामक रोग नभएको प्रमाणपत्र र स्वस्थ्यता सम्वन्धी प्रमाणपत्र उपलब्ध नगराएमा,
- उल्लेखित प्रमाणपत्र उपलब्ध गराएको भएतापनि केहि पशुहरु संक्रामक रोग लागी मरेको पाइएमा,
- पैठारी गरिएको पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ल्याउन प्रयोग गरिएका सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा।

**१०. आदेश दिन सक्ने (परिच्छेद २ दफा १२)**

- क्वारेन्टाइन अधिकृतले प्रवेश गर्न रोक लगाइएको पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन मुलुकबाट ल्याइएको हो सो मुलुकमा फिर्ता लैजान आदेश दिन सक्नेछ।
- पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री त्यसै राखी छोड्दा वा सम्बन्धित मुलुकमा फिर्ता पठाउँदा संक्रामक रोग फैलन सक्ने सम्भावना देखिएमा क्वारेन्टाइन अधिकृतले पैठारीकर्तालाई त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्ने आदेश दिन सक्नेछ।

**११. लिलाम गर्न सक्ने (परिच्छेद २ दफा १३)**

- क्वारेन्टाइन स्थलमा राखिएको पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री तोकिएको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले फिर्ता नलगेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जफत गरी लिलाम गर्न सक्नेछ ।
- जफत गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री लिलाम गर्न उपयुक्त नदेखिएमा वा लिलाम गर्दा कसैले नसकारेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ।

**१२. हटाउने वा नष्ट गर्ने (परिच्छेद २ दफा १४)**

- क्वारेन्टाइन अधिकृतले हटाउन वा नष्ट गर्ने आदेश दिएपछि सम्बन्धित पैठारीकर्ताले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्नु पर्नेछ।
- सम्बन्धित पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा क्वारेन्टाइन अधिकृत आफैले त्यस्तो पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ।
- पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च पैठारीकर्ताबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**१३. पशुहरुको ओसारप्रसार सम्बन्धी व्यबस्था (परिच्छेद २ दफा १५)**

- नेपाल अधिराज्यको कुनै एक ठाउँको पशुहरुमा संक्रामक रोग लागेको कुरा पत्तालागेमा कार्यालय प्रमुख वा क्वारेन्टाइन अधिकृतले त्यस्ता पशुहरु नेपाल अधिराज्यको कुनै अर्को ठाउँमा ओसार पसार गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

**१४. दण्ड सजाय (परिच्छेद ५ दफा २०)**

- क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी नगर्ने पैठारीकर्तालाई पच्चीस हजार रुपैयासम्म जरिवाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिवाना हुनेछ।
- पैठारी गर्न प्रतिबन्ध भएका देश वा ठाउँबाट पैठारी गरेमा पैठारीकर्तालाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।
- क्वारेटाइन अधिकृतले हटाउन वा नष्ट गर्न दिएको आदेशको पालना नगर्ने व्यक्तिलाई पच्चीस हजार सम्म जरिवाना हुनेछ।
- माथि उल्लेखित ऐन, नियम कानूनको पालना नगर्ने व्यक्तिलाई कसुरको मात्रानुसार पाँच हजार सम्म जरिवाना हुनसक्नेछ ।

**१५. पशु प्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने (परिच्छेद ६ दफा २७)**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ।

## १.२ पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी र पशु क्वारेन्टाइन चेकपोष्टहरु मार्फत सञ्चालन हुने मुख्य कार्यक्रमहरु

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकीले प्रमुख रुपमा सुदुरपश्चिम प्रदेशमा हुने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री आयात र निर्यातलाई निरीक्षण गर्ने गर्दछ। पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी र पशु क्वारेन्टाइन चेकपोष्टहरुबाट देहाय बमोजिमका कार्य तथा सेवाहरु प्रवाह हुँदै आएको छ।

**१) क्वारेन्टाइन जाँच**

भारत तथा बाहिरी मुलुकबाट आयात भएका पशुपन्छी, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको जाँच गरिसकेपछी क्वारेन्टाइन प्रमाणपत्र दिने, आवश्यकता अनुसार नमुना संकलन गरी तोकिएको

प्रयोगशालामा पठाउने तथा कुनै पनि पशुपन्छी, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुमा संक्रामक रोगको संका लागेमा क्वारेन्टाइनमा राख्ने वा नष्ट गर्ने गरिन्छ।

**२) निसंक्रमण गर्ने**

भारत तथा सुदुरपश्चिम प्रदेशका विभिन्न ठाउँबाट विभिन्न साधनद्वारा पैठारी हुने पशु पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरु स्रोत अथवा बाटोमा विभिन्न संक्रामक रोगका जीवाणु तथा विषाणुसँग सम्पर्कमा आउन सक्ने र साथै रोग पनि भित्रिने सक्ने प्रबल सम्भावनालाई न्यून गर्न उचित तथा आवश्यक प्रक्रिया अपनाई उपयुक्त औषधि प्रयोग गरी निःसंक्रमण गरिन्छ।

**३) पशु क्वारेन्टाइन सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम**

पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी लगायत सबै चेकपोष्टहरुले क्वारेन्टाइन सम्बन्धी जनचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु र सञ्चारका माध्यम जस्तै रेडियो, टेलिफोन, पत्रपत्रिका, पम्पलेट, पोष्टर, फल्यास प्रिन्ट तथा होर्डिङ बोर्ड (Hoarding Board) प्रकाशन प्रशारण गरिन्छ। पशु क्वारेन्टाइन कार्यालयले क्वारेन्टाइन कार्यक्रममा देखा परेका समस्याहरूको बारेमा छलफल गर्न सम्बन्धित सबै सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरू समेतको उपस्थितमा आवश्यकता अनुसार प्रचार प्रसार गर्ने गरिन्छ।

**४) आयात निर्यात रेकर्ड राखी पठाउने**

भारतबाट देशभित्र पैठारी गरिएका तथा सुदुरपश्चिम प्रदेश भित्रबाट भारत तर्फ निकासी गरिएका पशु, पशुजन्य पदार्थ, तथा पशु उत्पादन सामग्रीहरूको प्रष्ट रेकर्ड अध्यावधिक गरी प्रत्येक महिनाको प्रगति विवरण पशु क्वारेन्टाइन चेकपोष्टहरुले पशु क्वारेन्टाइन कार्यालयमा र पशु क्वारेन्टाइन कार्यालयले पशु क्वारेन्टाइन महाशाखामा पठाउने र त्यसरी प्रगति पठाउँदा प्रत्येक वस्तुको छुट्टा छुट्टै संख्या खुल्ने गरि निर्दिष्ट फारम अनुसार भरि पठाउनु पर्नेछ।

**५) रोग रिपोर्टिङ्ग**

क्वारेन्टाइन जाँचको सिलसिलामा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५को अनुसूचीमा उल्लेखित संक्रामक रोगहरूको शंका लागेमा तुरुन्त पशु क्वारेन्टाइन कार्यालय, पशु सेवा विभाग, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला तथा अन्य तोकिएको प्रयोगशालामा परिक्षणको लागि उपयुक्त नमूना संकलन गरी पठाउनु पर्नेछ । परिक्षणको नतिजा प्रयोगशालाबाट प्राप्त नभएसम्म त्यस्ता रोगबाट संक्रमण भएका जनावर वा सामग्रीलाई अरुको सम्पर्कमा आउन नदिन ऐन, नियम व्यवस्था भए अनुसार पैठारीकर्ता होल्डिङ्ग यार्ड (Holding Yard)अथवा निश्चित ठाउँ तोकेर निगरानीमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ । रोगको सूचना NAHIS (National Animal Health Information System) सफ्टवेयर मार्फत दिन सकिन्छ ।

**६) नमुना संकलन तथा प्रेषण**

पशु क्वारेन्टाइन कार्यालय तथा अन्तर्गतका चेकपोष्टहरूले पैठारी हुन लागेका वस्तुबाट कुनै रोगको शंका लागेमा ऐनमा तोकिएको व्यवस्था अनुसारको नमुना संकलन गरी तोकिएको प्रयोगशालासम्म पठाउनु पर्ने व्यबस्था मिलाउनु पर्नेछ। नमुना संकलन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्वन्धित पैठारीकर्ताले व्यहोर्नु पर्नेछ। त्यसरी जाँच गराउँदा आएको परिक्षणको रिपोर्ट सम्बन्धित पैठारीकर्तालाई समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।\

**७) वार्षिक प्राविधिक पुस्तिका तयार तथा प्रकाशन गर्ने**

आर्थिक वर्षको शुरुमा प्रत्येक पशु क्वारेन्टाइन कार्यालयले आफ्नो अघिल्लो वर्षको वार्षिक कार्यक्रम अनुसारको भए गरेका कार्यको प्रगति विवरण तथा थप केहि कार्य भएमा सोको विवरण सहितको तथ्यांक प्रकाशन गरि सम्बन्धित कार्यालयमा पठाउनुपर्ने छ।

**८) अनुगमन सुपरिवेक्षण तथा आकस्मिक अनुगमन**

पशु क्वारेन्टाइन कार्यालयले आफ्नो मातहतका पशु क्वारेन्टाइन चेकपोष्टहरूको कार्यक्रमको अनुगमन तथा निरीक्षण तथा अनुगमन, सुपरिवेक्षण तथा आकस्मिक अनुगमन नियमित रुपमा गरिन्छ। यसरी अनुगमन गर्दा देखिएका समस्याहरुको समाधानका उपायहरु छलफलका माध्यमबाट हल गरिने छ।

**९) पशु स्वास्थ्य जाँच र अन्तर्राष्टिय पशु स्वस्थ्यताको प्रमाणपत्र/सेनेटरी प्रमाणपत्र जारी गर्नेः**

कुनै पनि पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निर्यात वा अन्य देश लैजानुपर्ने भएमा त्यसको स्वस्थ्यता र आवश्यक कागजात जाँच गरी अन्तर्राष्टिय पशु स्वस्थ्यता (International Animal Health Certificate) वा Sanitary Certificate प्रदान गर्ने गर्छ ।

## १.३ पशु क्वारेन्टइनको परिचय

कुनै संक्रामक रोग सर्ने सम्भावना भएका व्यक्ति/पशुहरुलाई तोकिएको समय/निश्चित अवधिको लागि वा तोकिएको ठाउँमा अलग राख्ने प्रकृयालाई क्वारेन्टाइन भनिन्छ। यो विशेष रूपमा महत्वपूर्ण तब हुन्छ, जब पशुहरुलाई नयाँ स्थानमा ल्याइन्छ वा देशहरूबीच स्थानान्तरण गरिन्छ। **Quarantine** इटालियन शब्द हो जसको शाब्दिक अर्थ **चालीस दिन"** हुन्छ।क्वारेन्टाइन प्रक्रियामा पशुहरुलाई कुनै पनि संक्रामक रोगको रोगाणुको ओथारो अवधि (Incubation Period) संग मिल्ने गरी क्वारेन्टाइन अवधि (Quarantine Period) निश्चित गरिन्छ।विश्व पशु स्वास्थ्य संगठन (World Organization for Animal Health) को अनुसार यो शब्दले समयावधी तथा क्वारेन्टाइन सम्बन्धि गरिने विभिन्न कृयाकलापहरुको बोध गर्दछ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अनुसार पशु क्वारेन्टाइन भन्नाले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा कुनै किसिमका रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीलाई कुनै निश्चित खास ठाउँमा तोकिएको अवधिसम्मका लागि एकैसाथ वा छुट्टा छुटै राखिने कार्यलाई बुझाउँछ। अन्तर्राष्टिय क्वारेन्टाइनले स्वच्छताको आधिकारिक प्रमाणपत्र जारी गरी दुई मुलुक बिचको व्यापार नियमन गर्दछ। संयुक्त राष्ट्रसंघ खाद्य तथा कृषि संगठन (Food and Agriculture Organization) विद्य पशु स्वास्थ्य संघ (World Organization for Animal Health) जस्ता अन्तराष्ट्रिय संघ संस्था र कानूनहरुले पशुपन्छी तथा पशुजन्य उत्पादनहरुको अन्तराष्ट्रिय ओसापसारको कडा निगरानी राख्दछन्।

व्यापारको विश्वव्यापारीकरणको बढ्दो प्रभावसँग क्वारेन्टाइनको व्यापकता पनि बढ्दै गएको छ। सीमापार व्यापारको अन्तरराष्ट्रिय अभ्यासलाई हेर्ने हो भने मुलुकको अन्तरराष्ट्रिय सीमामा आएका मालसमानहरु (Consignment) लाई सुरक्षाजाँच गर्दै आयातित सामानको प्रकृति अनुसार सम्बन्धित क्वारेन्टाइन (पशु, कृषि, खाद्य) ले आवश्यक प्राविधिकीय जाँच गरेर सम्बन्धित ऐनमा उल्लेखित क्वारेन्टाइन प्रमाणपत्र जारी गरेपछि मात्र भन्सारले आफ्नो कारवाही अगाडि बढाउनु पर्ने हुन्छ। यस प्रकार विश्व भर अवलम्बन गरिएको अग्रपंक्तिमा क्वारेन्टाइन (Quarantine) को अवधारणा तथा अभ्यास नेपालको सीमानामा पनि अनुशरण गर्नु पर्ने देखिन्छ। वर्तमान अवस्थामा बढ्दै गएको पशु पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको आयात-

निर्यातसँगै विदेशबाट विभिन्नरोगव्याधिहरु पनि भित्रिने जोखिम हुन्छ जसले गर्दा हाम्रो पशुपन्छीपालनमा प्रतिकूल असर पर्दछ। पशुपन्छीहरुमा फैलिएको लम्की स्कीन रोग, बर्ड फ्लु, खोरेत, अफ्रिकन स्वाइन फिवरले बिगत ५/६ वर्षबाट देशमा समस्या निम्त्याइरहेको छ। पशुपन्छीबाट मानिसमा सर्ने विभिन्न किसिमका सामान्य रोग देखि प्राणघातक रोगहरु (जुनोटिक) जस्तैः रेबिज, इवोला, बर्डफ्लु, कोरोना, Hanta Virus आदि रोगहरु सर्दछन् र यी रोगहरुको प्रमुख स्रोत विरामी पशुपन्छी र अस्वस्थ पशुपन्छीजन्य पर्दाथ हो। यस्ता पर्शुपन्छी तथा पशुपन्छीजन्य पर्दाथको आयात-निर्यातमा रोक लगाउनुका साथै आयात-निर्यात भएका पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको क्वारेन्टाइन जाँच गर्ने कार्य मुख्यतया क्वारेन्टाइन कार्यालय र यस मातहतका पशु क्वारेन्टाइन चेकपोष्टहरुको हो। यस महत्वपूर्ण कार्यलाई क्वारेन्टाइन कार्यालय र चेकपोष्टहरुले जिम्मेवारीका साथ निर्वाह गरेका छन जस कारणले गर्दा पशुवाट सर्न सक्ने संक्रामक रोगहरु बाट नकारात्मक असरमा कमी आएको छ।

क्वारेन्टाइन प्रणालीको प्रयोग कुनै पनि रोगको रोकथाम तथा एक ठाउंबाट अर्को ठाउंमा हुन सक्ने यसको आगमनबाट रोक्नको लागि धेरै पहिलेदेखि नै प्रचलनमा रहेको भए तापनि विश्व व्यापार संगठन (World Trade Organization) को स्थापनासँग यसको बढ्दो महत्वको पुष्टि भएको छ। विश्व व्यापार संगठन अन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय कानूनहरु मध्ये वस्तुको शुद्धता सम्बन्धि सम्झौता (Sanitary & Phytosanitary Measures) अनुसार यसको प्रत्येक सदस्य राष्ट्रसँग आफ्नो जनमानस, पशुपंक्षी तथा बोट बिरुवाको स्वास्थ्य तथा जीवनको रक्षा गर्ने सम्पूर्ण अधिकार हुन्छ। यस अनुसार राष्ट्रिय आवश्यकता तथा हितलाई मध्यनजर गर्दै कुनै पनि देशमा अन्तर्राष्ट्रिय तथा आन्तरिक गरी दुई भिन्न प्रकृतिका क्वारेन्टाइन अड्डाहरु स्थापना भएका हुन्छन्। अन्तर्राष्ट्रिय क्वारेन्टाइनले स्वच्छताको आधिकारिक प्रमाणपत्र (Authorized Sanitary Certificate) जारी गरी दुई मुलुक बिचको व्यापार नियमन गर्दछ भने राष्ट्रिय तथा आन्तरिक क्वारेन्टाइनले मुलुक भित्र वस्तुको ओसार पसार व्यवस्थापन तथा पैठारी भएर ल्याईएका मालसमानहरू मुलुकमा प्रवेश पाएदेखि गन्तव्यमा पुगिञ्जेल वा बिक्री वितरण गरिञ्जेल जाँच गर्दछ।

## १.४ व्यापारको विश्वव्यापीकरण तथा क्वारेन्टाइन

व्यापारको विश्वव्यापीकरणले संसारलाई आर्थिक रूपमा आपसमा जोड्ने कार्यलाई तीव्र बनाएको छ। प्रविधि, यातायात प्रणाली र डिजिटल संचारको विकाससँगै विभिन्न देशहरूबीच व्यापारिक लेनदेन सहज भएको छ। यस प्रक्रियाले उत्पादन र सेवाको आदानप्रदानलाई मात्र सहज बनाएको छैन, राष्ट्रहरूको आर्थिक वृद्धिमा समेत टेवा पुर्याएको छ। यद्यपि, विश्वव्यापी व्यापारले अवसरहरू सिर्जना गरेजस्तै, यसले केही चुनौतीहरू पनि ल्याएको छ। विभिन्न क्षेत्रबाट वस्तुहरू र जीवजन्तुहरूको आयात गर्दा स्वस्थ्यता र सुरक्षासम्बन्धी नियमहरूलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ। यसै सन्दर्भमा, पशु क्वारेन्टाइन अत्यन्त महत्वपूर्ण भूमिका खेल्छ।

पशु क्वारेन्टाइन प्रणालीले आयात तथा निर्यात गरिने पशु तथा पशुजन्य उत्पादनहरूको स्वास्थता सुनिश्चित गर्नका लागि विशेष प्रक्रिया अपनाउने गर्छ। सीमापार व्यापारको अन्तराष्ट्रिय अभ्यासलाई हेर्ने हो भने मुलुकको अन्तराष्ट्रिय सीमामा आएका मालसमानहरु (Consignment) लाई सुरक्षाजाँच गर्दै आयातित मालसमानको प्रकृति अनुसार सम्बन्धित क्वारेन्टाइन (पशु, कृषि, खाद्य) ले आवश्यक प्राविधिकीय जाँच गरेर सम्बन्धित ऐनमा उल्लेखित क्वारेन्टाइन प्रमाणपत्र जारी गरेपछि मात्र भन्सारले आफ्नो कारवाही अगाडी बढाउनु पर्ने हुन्छ। विश्वव्यापी महामारी नियन्त्रणका लागि **'अग्रपंक्तिमा क्वारेन्टाइन (Quarantine first)** सिद्धान्त आजको

दिनमा अत्यन्त प्रभावकारी उपायको रूपमा मान्यता प्राप्त भइसकेको छ। यस सिद्धान्तले संक्रमण फैलिन रोक्नको लागि सबैभन्दा पहिला क्वारेन्टाइन प्रक्रियालाई अवलम्बन गर्ने कुरा सुनिश्चित गर्दछ र नेपालको परिप्रेक्ष्यमा यो सिद्धान्त कार्यान्वयन अत्यावश्यक देखिन्छ ।

## १.५ पशु क्वारेन्टाइनको आवश्यकता

विश्व व्यापारीकरणको अभ्याससंगै विश्व भरी पशु क्वारेन्टाइन प्रणाली एकदम सुदृढ, चुस्त तथा दुरूस्त भएका छन्। कुनै पनि मुलुकको पशु क्वारेन्टाइन सेवाले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको व्यापारको क्रममा वा अन्य अवस्थामा समेत सीमापारबाट भित्रिन सक्ने पशुपंक्षीका रोगहरूको रोकथामका लागि अहोरात्र काम गरी रहेका हुन्छन्। वास्तवमा पशु क्वारेन्टाइन सेवा कुनै पनि मुलुकको पशु रोग अन्वेषण प्रणाली (Disease Intelligence System) को अभिन्न अङ्गको रूपमा अङ्गीकार गरिएको हुन्छ जुन अवधारणा नेपाली पशु सेवा क्षेत्रमा पाइदैन। समग्रमा पशु क्वारेन्टाइन सेवा कुनै पनि मुलुकको लागि निम्नलिखित कारणहरुले गर्दा आवश्यक हुन्छः

- पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामग्रीको उदगमस्थलको जानकारी राख्न।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको अन्तर्राष्ट्रिय व्यापार नियमन गर्न।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको आयातबाट उत्पन्न हुनसक्ने जोखिमको विश्लेषण गर्न।
- आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुबाट देशभित्र प्रवेश पाउन सक्ने बाह्य रोगहरुको रोकथाम गर्न।
- आधिकारिक स्वच्छता तथा शुद्धताको प्रमाणपत्र तथा अन्तर्राष्ट्रिय स्वास्थ्य प्रमाणपत्र जारी गर्न।

# २. नेपालमा पशु क्वारेन्टाइन सेवाको विकासक्रम

## २.१. ऐतिहासिक पृष्ठभूमी

नेपालमा राष्ट्रिय भेटेरिनरी सेवाको शुरूवातको श्रेय गौगोटी रोगको महामारीलाई जान्छ। मुलुकमा भई रहेको गौगोटीको निरन्तर महामारी तथा सीमापारबाट पशुपंक्षीको नवीनतम रोगहरूको प्रवेशमा रोक लगाउन नेपाल सरकारले भारत लगायत विभिन्न दातृ निकायहरूको सहयोगमा राष्ट्रिय पशु सेवाको विस्तारसँगै २०११/१२ (सन् १९६०) को अवधिमा मध्य तराईमा फैलिएको गौगोटीको महामारीबाट अभिप्रेरित भई वि.सं. २०१८ मा सुनसरीको धरान, मकवानपुरको भैंसे, रूपन्देहीको बुटवल र बैतडीको झुलाघाटमा गरी चारवटा पशु क्वारेन्टाइन चेक पोष्टहरूको स्थापना गरी पशु क्वारेन्टाइन सेवाको शुरूवात गरेको थियो। यसपछि सन् १९८०-८५ को अवधिमा एशियाली विकास बैंकको सहयोगमा संचालित पहिलो पशु विकास आयोजना मार्फत पशुपंक्षीको अन्तरसीमा व्यापार तथा अनाधिकृत आवतजावत बढी हुने नाकाहरुमा २० वटा पशु क्वारेन्टाइन चेक पोष्टहरु स्थापना भएको थियो। ती चेकपोष्टहरु सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले व्यवस्थापन गर्ने गरी एक जना नायव प्राविधिक सहायक तथा एक जना मेसेन्जरको अस्थायी दरवन्दी सृजना गरी संचालनमा ल्याइएको थियो। त्यस ताका मुलुकको पशु सेवा तर्फ अत्यधिक न्युन जनशक्ति रहेको हुंदा नव स्थापित चेक पोष्टहरुले पशु उपचार तथा पशु सेवा सम्बन्धि प्रचार प्रसार जस्ता क्रियाकलापहरुमा संलग्न भएको देखिन्छ।

सन् १९९२ मा कृषि मन्त्रालयको दरवन्दी पुर्नसंरचनाको क्रममा पशु क्वारेन्टाइन सेवाको बढ्दो आवश्यकता महसुस गरेर केन्द्रमा एउटा केन्द्रिय पशु क्वारेन्टाइन शाखा स्थापना गरी यस अन्तर्गत सो अवधि सम्म स्थापित २४ वटा पशु क्वारेन्टाइन चेकपोष्टहरु व्यवस्थापन भएको थियो । पशु क्वारेन्टाइन चेक पोष्टहरुमा एक जना पशु चिकित्सक, दुई जना प्राविधिक सहायक र दुई जना मेसेन्जर गरि जम्मा पाँच जनाको दरवन्दी समेत सृजना भयो। त्यस पछि, वि.सं. २०६१ मा केन्द्रिय पशु क्वारेन्टाइन शाखालाई प्रमुख पशु चिकित्सकको नेतृत्वमा रहने गरी केन्द्रिय पशु क्वारेन्टाइन कार्यालयमा परिणत गरी देश भरी आठ वटा पशु क्वारेन्टाइन कार्यालय स्थापना गर्नुको साथै स्थापित चेक पोष्टहरुलाई कार्यालय मातहत रहने गरी व्यवस्थापन गरिदै आएको छ। यद्यपि चालु आ.व. (२०७५-७६) मा भएको संगठन तथा व्यवस्थापन सर्भे अनुसार पशु सेवा विभाग अन्तर्गत विभिन्न प्रकारका सेवाहरू संघीय संरचना अनुरूप संघीय, प्रादेशिक तथा स्थानीय तहमा व्यवस्था हुने भई साविकको केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय हाल आएर पशु सेवा विभाग अन्तर्गत पशु क्वारेन्टाइन महाशाखाको रुपमा स्थापित भएको छ।

## २.२. पशु क्वारेन्टाइन कार्यालयको उद्देश्य

मुलुक भरी स्थापित पशु क्वारेन्टाइन कार्यालयहरु निम्नलिखित उद्देश्यका साथ कामकाज गर्दै आएका छन्ः

- बाह्य मुलुकबाट भित्रिन सक्ने नवीनतम तथा अन्य संक्रामक रोगहरुलाई भित्रिन नदिने।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको आयात निर्यातलाई व्यवस्थित गर्ने।
- देशभित्र कुनै संक्रामक रोग फैलिएमा सम्बन्धित पशु सेवा कार्यालय तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने।
- बाह्य मुलुकबाट भित्रिन सक्ने संक्रामक रोगहरूको बारेमा जनचेतना अभिवृद्धि गर्ने।
- रोग निदान र नियन्त्रणमा पशु सेवा कार्यालय तथा पशु रोग अन्वेषण प्रयोगशालालाई सहयोग गर्ने।
- पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा रोगहरुको तथ्याङ्क अद्यावधिक राखी भेटेरिनरी ईपिडेमियोलिजी केन्द्रमा पठाउने।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र तत्सम्वन्धी नियमावली, २०५६ मा भएका क्वारेन्टाइन सम्वन्धि व्यवस्थाहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

## २.३ नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना

माथि उल्लेख गरिए झैं मुलुकको क्वारेन्टाइन प्रणाली तर्फ विभिन्न समयावधिमा भएको विस्तार तथा त्यसको कार्य विस्तृतीकरणसँग पशु क्वारेन्टाइन एउटा बलियो सञ्जालको रूपमा विकास हुदै गएको पाइन्छ। नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १ः नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना**

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | अन्तर्गतका चेक पोष्टहरू | कैफियत |
|---|---|---|---|---|
| १. | पशु क्वारेन्टाइन महाशाखा, ललितपुर | देश भरी | क्वारेन्टाइन कार्यालय तथा चेक पोष्टहरू | |
| २. | पशु क्वा. कार्यालय, बुढानिलकण्ठ, काठमाडौं | सिन्धुपाल्चोक, रसुवा, काठमाडौं, चितवन | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, तातोपानी सिन्धुपाल्चोक, टिमुरे रसुवा, नागढुङ्गा, रामनगर (आ.) | टिमुरे, नागढुङ्गा (अस्थायी क्वा.) |
| ३. | पशु क्वा. कार्यालय, कांकडभिट्टा, झापा | झापा, इलाम | कांकडभिट्टा, गौरीगञ्ज, भद्रपुर र पशुपतिनगर इलाम, | |

| | | | | |
|---|---|---|---|---|
| ४. | पशु क्वा. कार्यालय, विराटनगर, मोरङ्ग | मोरङ्ग, सुनसरी, सिराहा | रानी, भण्टाबारी, माडर | रानी चेक पोष्टलाई ICP अन्तर्गत । |
| ५. | पशु क्वा. कार्यालय, जनकपुर, धनुषा | महोत्तरी, धनुषा, सर्लाही | भिट्ठामोड, जटही, मलंगवा | |
| ६. | पशु क्वारेन्टाइन कार्यालय, विरगञ्ज, पर्सा | रौतहट, बारा, पर्सा | औंरैया, सिरसिया, मटिअर्वा, पथलैया (आ.) | सिरसिया चेक पोष्ट Integrated Check Post अन्तर्गत। |
| ७. | पशु क्वा. कार्यालय, भैरहवा, रूपन्देही | नवलपरासी, रूपन्देही, कपिलवस्तु | महेशपुर, बेलहिया, कृष्णनगर, गौतमबुद्ध विमानस्थल | आ. व. २०८२/८३ वाट बिमानस्थलमा थप |
| ८. | पशु क्वा. कार्यालय, नेपालगञ्ज, बाँके | दाङ्ग, बाँके, बर्दिया | जमुनाहा, गुलरिया, भालुवाङ्ग | भालुवाङ्ग चेक पोष्ट (अस्थायी अन्तरिक)। |
| ९. | पशु क्वा. कार्यालय, गड्डाचौकी, कञ्चनपुर | कञ्चनपुर, कैलाली, दार्चुला | गड्डाचौकी, बेलौरी, मोहना (धनगढी), दार्चुला | |
| १०. | पशु क्वा. कार्यालय, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | कास्की, मुस्तांङ | कोराला नाका, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | |




# ३. पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कञ्चनपुर

## ३.१. परिचय

आर्थिक वर्ष २०३९-४० मा भारतीय सीमासँग जोडिएका नाकाहरुमा २४ वटा पशु क्वारेन्टाइन चेक पोष्टको स्थापनासँगै कञ्चनपुर जिल्लाको गड्डाचौकी र बेलौरी तथा कैलाली जिल्लाको सत्ती (टिकापुर) भन्ने ठाउँमा चेक पोष्टहरू स्थापना भएको थियो। त्यस ताका चेक पोष्टहरुमा एक जना नायव प्राविधिक सहायक र मेसेन्जरको पदस्थापना भएको देखिन्छ। वि. स. २०५० मा क्वारेन्टाइन चेक पोष्टहरुमा एक जना

सहायक पशु चिकित्सक, दुई जना प्राविधिक सहायक र दुई जना कार्यालय सहयोगी गरी जम्मा पाँच जनाको दरवन्दी कायम भएको थियो। त्यसै गरी, आ.व. २०६०-६१ मा २४ वटै चेक पोष्टहरुलाई आठ वटा नवस्थापित पशु क्वारेन्टाइन कार्यालय अन्तर्गत व्यवस्थापन हुने गरी तोकियो। यिनै आठ वटा क्वारेन्टाइन कार्यालयहरू मध्येको एक पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुर हो जुन कञ्चनपुर जिल्लाको हालको भीमदत्त नगरपालिका, वडा नं. १०, गड्डाचौकीमा स्थापित छ। विभिन्न चेक पोष्टहरूको सञ्चालन र व्यवस्थापन कार्यालयहरू मार्फत हुने प्रयोजनसँगै क्वारेन्टाइन कार्यालयहरूमा एक जना वरिष्ठ पशु चिकित्सक, तीन जना पशु चिकित्सक, आठ जना पशु स्वास्थ्य प्राविधिक, एक जना नायव पशु स्वास्थ्य प्राविधिक, एक जना सहायक लेखापाल र पाँच जना कार्यालय सहयोगी गरी कुल २१ जनाको दरबन्दी रहने गरी कायम भएको दरबन्दी संरचना अनुसार पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरमा समेत सोही अनुसार दरबन्दी व्यवस्था रहेको थियो। आर्थिक वर्ष (२०७५-७६) देखि संघीयता कार्यान्वयनको अभ्याससँगै भएको संस्था तथा व्यवस्थापन सर्भे अनुसार सोही आ.व. देखि लागु हुने गरी यस कार्यालय अन्तर्गत एक जना वरिष्ठ पशु चिकित्सक, चार जना पशु चिकित्सक, आठ जना पशु स्वास्थ्य प्राविधिक, १/१ जना लेखापाल, खरिदार तथा हलुका सवारी चालक र चार जना कार्यालय सहयोगी गरी कुल २० जनाको दरबन्दी कायम भएका छन्।

## ३.२. कार्यक्षेत्र

प्रशासनिक तथा राजनैतिक विभाजन अनुसार सिङ्गो सुदुरपश्चिम प्रदेशको पशु क्वारेन्टाइन सम्बन्धी मुद्दा हेर्ने अभिभारा पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको हो। यस अनुसार देशमा विद्यमान अन्य क्वारेन्टाइन कार्यालयहरूको तुलनामा यसको कार्यक्षेत्र वृहत छ। यसको कार्यक्षेत्र अन्तर्गत  दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली, डोटी, बझाङ्ग, बाजुरा र अछाम सहित प्रदेशका नौ वटै जिल्लाहरू पर्दछन्। पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको कार्यक्षेत्र सम्बन्धि उपलब्ध जानकारी तालिका २ मा प्रस्तुत गरिएको छ।

तालिका २ः पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको कार्यक्षेत्र

| क्र.सं. | जिल्लाको नाम | सम्बन्धित क्वारेन्टाइन चेक पोष्ट | कार्यक्षेत्र तोकिएको आ.व. | कैफियत |
|---|---|---|---|---|
| **१.** | **महाकाली अञ्चल** | | | |
| १.१ | दार्चुला | प.क्वा. चेक पोष्ट, खलङ्गा | २०५०-५१ | |
| १.२ | बैतडी | चेकपोष्ट स्थापना नभएको | २०६१-६२ | कार्यक्षेत्र तोकिएको |
| १.३ | डडेल्धुरा | चेकपोष्ट स्थापना नभएको | २०६१-६२ | ऐ. ऐ. |
| १.४ | कञ्चनपुर | प.क्वा. चे.पो., गड्डाचौकी | २०३९-४० | |
| | | प.क्वा. चेक पोष्ट, बेलौरी | २०३९-४० | |
| **२.** | **सेती अञ्चल** | | | |
| २.१ | कैलाली | प.क्वा. चेक पोष्ट, सती, | २०५०-५१ | हाल धनगढी |
| २.२ | डोटी | चेक पोष्ट स्थापना नभएको | | |
| २.३ | अछाम | चेक पोष्ट नभएको | | |
| २.४ | बाजुरा | चेक पोष्ट नभएको | | |
| २.५ | बझाङ्ग | चेक पोष्ट नभएको | | |

**नक्सामा सुदुरपस्चिम प्रदेश र पशु क्वारेन्टाइन चेकपोष्टको अवस्थिति**




## ३.३ स्वीकृत दरबन्दी तथा जनशक्ति विवरण

आर्थिक वर्ष २०७५/७६ मा भएको दरबन्दी पूनर्संरचना अनुसार पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको स्वीकृत दरबन्दी तथा हाल कार्यरत जनशक्तिको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ।

तालिका ३: पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको स्वीकृत दरबन्दी

| क्र.सं. | पद | श्रेणी | जनशक्तिको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरबन्दी | पदपूर्ती | रिक्त | |
| १. | व.प.चि. | रा.प.द्वि. प्राविधिक | १ | १ | ० | हाल काजमा REED project बुटवल |
| २. | प.चि. | रा.प.तृ. प्राविधिक | ४ | ४ | ० | ३ जना काजमा अन्यत्र गएको |
| ३. | प.स्वा.प्रा. | रा.प.अनं.प्र.प्रा. | ८ | ८ | ० | १ जना काजमा अन्यत्र गएको |
| ४. | लेखापाल | रा.प.अनं.प्र. | १ | १ | ० | |
| ५. | खरीदार | रा.प.अनं.द्वि. | १ | १ | ० | |
| ६. | ह.स.चा. | श्रेणीविहीन | १ | १ | ० | १ जना करारमा |
| ७. | का.स. | श्रेणीविहीन | ४ | ३ | १ | २ जना करारमा |
| | **जम्मा** | | २० | १९ | १ | |

## ३.४ सांगठनिक ढाँचा

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको सांगठनिक ढाँचा निम्नलिखित चित्र मार्फत प्रस्तुत छ।

**पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी**
**(व.प.चि. -१, लेखापाल - १, खरीदार - १, हलुका सवारी चालक - १)**

१. प.क्वा. चेक पोष्ट, गड्डाचौकी
(प.चि. -१, प.स्वा.प्रा - २, का.स. - १)

२. प.क्वा. चेक पोष्ट, बेलौरी
(प.चि. -१, प.स्वा.प्रा - २, का.स. - १)

३. प.क्वा. चेक पोष्ट, धनगढी
(प.चि. -१, प.स्वा.प्रा - २, का.स. - १)

४. प.क्वा. चेक पोष्ट, दार्चुला
(प.चि. -१, प.स्वा.प्रा - २, का.स. - १)

## ३.५ कर्मचारी विवरण

संघीयता कार्यान्वयन पश्चात स्वीकृत दरवन्दी तेरिज अनुरुप यस कार्यालयमा पदपूर्तिको अवस्था तालिका ४ अनुरुप रहेको छ ।

**तालिका ४: पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरमा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र.सं. | पद | कर्मचारीको नाम थर | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | व.प.चि. | श्री डा. उत्तम आचार्य | प.क्वा.का. गड्डाचौकी | **हाल काज सरुवा** |
| २ | प.चि. | श्री डा. अरुण खनाल | प.क्वा.का. गड्डाचौकी | |
| ३ | प.चि. | श्री डा. अनिस सापकोटा | प.क्वा.का. गड्डाचौकी | **हाल काज सरुवा** |
| ४ | प.चि. | श्री विनाराम बुढाथोकी | प.क्वा.का. गड्डाचौकी | **हाल काज सरुवा** |
| ५ | प.चि. | श्री पुष्पराज भारती | प.क्वा.का. गड्डाचौकी | **हाल काज सरुवा** |
| ६ | प स्वा प्रा | श्री गोपाल सिंह धामी | प.क्वा.चे.पो. दार्चुला | |
| ७ | प स्वा प्रा | श्री मिन ब बम | प.क्वा.चे.पो. दार्चुला | |
| ८ | प स्वा प्रा | श्री धनकृष्ण अधिकारी | पक्वा चे पो गड्डाचौकी | **हाल काज सरुवा** |
| ९ | लेखापाल | श्री महेश राज जोशी | प क्वा का गड्डाचौकी | |
| १० | प.स्वा.प्रा. | श्री महादेव भट्ट | प.क्वा.चे.पो. बेलौरी | |
| ११ | प.स्वा.प्रा. | श्री सविता कुमारी बम्म | प.क्वा.चे.पो. धनगढी | |
| १२ | प.स्वा.प्रा. | श्री प्रविन खाती | प.क्वा.का. गड्डाचौकी | |
| १३ | प.स्वा.प्रा. | श्री पुष्पा धामी | प.क्वा.का. धनगढी | |
| १४ | प.स्वा.प्रा. | श्री जनक भट्ट | प.क्वा.चे.पो. बेलौरी | |
| १५ | खरीदार | श्री जयवीर धामी | प क्वा का गड्डाचौकी | |
| १६ | का.स. | श्री प्रेमसिंह धामी | प.क्वा.चे.पो. गड्डाचौकी | |
| १७ | ह स चा | श्री पुष्प राज पनेरु | प क्वा का गड्डाचौकी | सेवा करार |
| १८ | का.स. | श्री लाल बहादुर नेगी | प.क्वा.चे.पो. बेलौरी | सेवा करार |
| १९ | का.स. | श्री राजेन्द्र प्रसाद भट्ट | प.क्वा.का गड्डाचौकी | सेवा करार |

| क्र.सं. | पद | कर्मचारीको नाम थर | शैक्षिक योग्यता | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | **प्राविधिक कर्मचारीहरू** | | | | |
| १.१ | प.चि. | डा. अरुण खनाल | **B.V.Sc. & A.H.** | प.क्वा.का. गड्डाचौकी | नि. कार्यालय प्रमुख |
| १.२ | प.स्वा.प्रा. | मीन बहादुर बम | **T.S.L.C.** | प.क्वा.चे.पो. दार्चुला | |
| १.३ | प.स्वा.प्रा. | गोपाल सिंह धामी | **J.T.A** | प.क्वा.चे.पो. दार्चुला | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.४ | प.स्वा.प्रा. | धन कृष्ण अधिकारी | **B.V.Sc. & A.H.** | प.क्वा.चे.पो. गड्डाचौकी | काजमा सुर्खेत |
| १.५ | प.स्वा.प्रा. | सबिता बम्म | **T.S.L.C.** | प.क्वा.चे.पो. धनगढी | |
| १.६ | प.स्वा.प्रा. | महादेव भट्ट | **T.S.L.C.** | प.क्वा.चे.पो. बेलौरी | |
| १.७ | प.स्वा.प्रा. | प्रविन खाती | **I.Sc. Animal Science** | प.क्वा.चे.पो. गड्डाचौकी | |
| १.८ | प.स्वा.प्रा. | पुष्पा धामी | **I.Sc. Animal Science** | प.क्वा.चे.पो. धनगढी | |
| १.९ | प.स्वा.प्रा. | जनक राज भट्ट | **I.Sc. Animal Science** | प.क्वा.चे.पो. बेलौरी | |
| **२.** | **अप्राविधिक कर्मचारीहरू** | | | | |
| **२.१** | **स्थायी कर्मचारीहरू** | | | | |
| २.१.१ | लेखापाल | महेश राज जोशी | B.Sc. | प.क्वा.का. गड्डाचौकी | |
| २.१.२ | खरिदार | जयवीर धामी | बि.एड. नेपाली | प.क्वा.का. गड्डचौकी | |
| २.१.३ | का.स. | श्री प्रेमसिंह धामी | सा. लेखपढ | प.क्वा.चे.पो. गड्डाचौकी | |
| **२.२** | **सेवा करार** | | | | |
| २.२.१ | ह.स.चा. | श्री पुष्पराज पनेरू | एस.एल.सी | प.क्वा.का. गड्डचौकी | |
| २.२.२ | का.स. | श्री लाल ब. नेगी | एस.एल.सी | प.क्वा.चे.पो. बेलौरी | |
| २.२.३ | का.स. | श्री राजेन्द्र प्र. भट्ट | आठ पास | प.क्वा.का. गड्डचौकी | |

## ३.६ अचल सम्पत्ति तथा भौत्तिक पूर्वाधार सम्बन्धि विवरणः

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, पशु क्वारेन्टाइन महाशाखा अन्तर्गत सञ्चालित पशु क्वारेन्टाइन प्रणाली कहिले पनि सरकारी प्राथमिकतामा पर्न सकेन। यसको प्रमुख कारणहरू मध्ये मुलुकमा अस्थिर राजनीतिक अवस्था, पशु पालन क्षेत्रमा लामो समयसम्म एकलौटी ढंगले परिमाणात्मक विकासलाई प्राथमिकतामा राख्नु, पशु सेवा क्षेत्र निर्यातमुखी हुन नसक्नु, पशु सेवा विभागले लामो समयसम्म स्वतन्त्र भूमिका पाउन नसक्नु जस्ता पक्षहरू जिम्मेवार छन्। माथिका अवस्थाहरूले गर्दा नेपालको पशु क्वारेन्टाइन प्रणाली तर्फ भौतिक पूर्वाधार र नियमनकारी क्षमताको विकास हुन नसकेको तितो यथार्थ हामी सामु छर्लङ्ग छ। पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुर तथा अन्तर्गतका चेक पोष्टहरूसँग रहेका अचल सम्पत्ति तथा भौत्तिक पूर्वाधारहरूको विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५ः पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको अचल सम्पत्ति तथा भौत्तिक पूर्वाधार सम्बन्धि विवरण**

| क्र.सं. | भौत्तिक पूर्वाधार | प.क्वा.का. कञ्चनपुर | पशु क्वारेन्टाइन चेकपोष्टहरू | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | गड्डाचौकी | बेलौरी | धनगढी | दार्चुला | |
| १. | जग्गा | | | | | | |
| १.१ | उपलब्धता | छ | छैन | छ | छैन | | |
| १.२ | क्षेत्रफल | २७१८ व.मि. | कार्यालय परिसरकै भवनामा संचालन | १५३४.६ व.मि. | भाडामा | भाडामा | जि.कैलालीमा साविकको क्वा.चे.पो. सतीको नाममा ४ कट्ठा जग्गा रहेको। |
| १.३ | किता नं. | ११४३ | ११४३ | १०९२ | | | किता नं. ३६५ प.क्वा.चे.पो. सतिको नाममा रहेको |
| २. | कार्यालय भवन | छ | छ | छ | छैन (घर भाडा) | छैन (घर भाडा) | प.क्वा.चे.पो.सतिको का. भवन प्रयोग विहिन भई जिर्ण अबस्थामा रहेको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | आवास | छ | छ | छ | (घर भाडा) | (घर भाडा) | |
| ४. | होल्डिङ्ग यार्ड | छैन | छैन | छैन | छैन | छैन | |
| ५. | प्रयोगशाला | छ | छैन | छैन | छैन | छैन | |
| ६. | सवारी साधन | छ | छ | छ | | | |
| ६.१ | चार पाङ्ग्रे | छ | छैन | छैन | छैन | छैन | |
| ६.२ | मोटरसाइकल | छ | छ | छ | छैन | छैन | |
| ७. | एनिमल सेड | छैन | छैन | छैन | छैन | छैन | |
| | बायोलोजिकल पिट | छ | छ | छैन | छैन | छैन | |

## ३.७ मुख्य कार्यक्रम तथा क्रियाकलापहरु

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पन्न मुख्य मुख्य कार्यक्रम तथा क्रियाकलापहरु निम्न अनुसार रहेका छन।

- पूँजीगत कार्यक्रम तर्फ पशु क्वारेन्टाइन चेकपोष्ट बेलौरीको मर्मत र रंगरोगन कार्य सम्पन्न।
- कार्यालयमा ढलको व्यवस्थापन साथै गेट देखि कार्यालयसम्मको बाटो ढलान र कार्यालय पछाडि बगैचा निर्माण, गाडी राख्ने ठाँउमा ढलान आदि ।
- आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको क्वारेन्टाइन जाँच गर्ने।
- सीमा नजिकका बिद्यालयहरुमा जुनोटिक तथा क्वारेन्टाइन सम्बन्धि प्रचार सामग्री वितरण तथा सचेतना कार्यक्रम
- क्वारेन्टाइन सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्न सफ्टवयर निर्माणि गरी सञ्चालन ।
- सीमा नाकामा संचालनमा रहेका फर्महरुको विवरण संकलन गर्ने
- पशु ढुवानी मापदण्ड, पशुपन्छी क्षेत्रका कानूनि व्यवस्थाका बारेमा सरोकारवालासँग गोष्ठी
- पशुजन्य पदार्थको अबैध पैठारी निकासी नियन्त्रण गर्न आकस्मिक खर्च र पशु स्वास्थ्य जाँच लगायत अन्य कार्य ।
- सीमा क्षेत्रका कृषक तथा सरोकारवालाहरुलाई क्वारेन्टाइन सम्बन्धि जानकारी मुलक तालिम साथै पशु ढुवानी मापदण्ड र पशु कल्याण सम्बन्धि सरोकारावाला संग गोष्ठी
- खोरेत रोगको नियन्त्रणको लागी क्वारेन्टाइन कार्यक्रम
नेपाल-भारत बिच लामो खुला सीमाना, नेपाली पशुजन्य उत्पादनको तुलनामा भारतीय उत्पादन अपेक्षाकृत सस्तो हुनु र नेपाली समाजमा जनचेतनाको कमीले गर्दा भारतबाट नेपालमा पशुपंक्षी, पशुपंक्षीजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको अनाधिकृत प्रवेश हुने गरेका सूचनाहरु प्राप्त छन्। यस बाहेक नेपालमा पोष्ट हार्भेष्ट प्रविधिमा न्यून पहुँच तथा कलकारखानाको कमी र मुल्य श्रृङ्खलाको विकासको अभाव, र पशु पालनको लागि आवश्यक कच्चा पदार्थको उत्पादन मुलुकभित्र कम भएको कारण भारतमाथि निर्भर रहनु परेको अवस्था छ। त्यस कारण भारतसँग नेपालले जहिले पनि व्यापार घाटा व्यहोर्नु परेको यथार्थ हाम्रो सामु रहेको छ।

#### ५.१.१ पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको आयातको तुलनात्मक अवस्था

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुर तथा अन्तर्गतका चेक पोष्टहरूको बाटो भएर आ.व. २०७०/७१ देखि २०८२/८३ सम्म एघार वर्षको अवधिमा विभिन्न जातका जिउँदो पशुहरूको आयातको तुलनात्मक विवरण तालिका १८ मा प्रस्तुत गरिएको छ ।

**तालिका १९: पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको आयातको तुलनात्मक विवरण (आ.व. २०७०/७१ देखि आ.व. २०८२/८३ सम्मको)**

| क्र.स. | विवरण | इकाई | ७०/७१ | ७१/७२ | ७२/७३ | ७३/७४ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **पशु बस्तु** | | | | | | | | |
| १ | गाई/गोरु/बाच्छा/बाच्छी | संख्या | २३४ | २६४ | २३९ | ८५ | १३९ | ७१ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | राँगा/भैसी/पाडा/पाडी | संख्या | ४४ | १५ | ३१ | १८ | ४१ | १३ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | भेडा/थुमा | संख्या | १२२ | ९१ | ० | ५० | ११ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | बाखा/बोका | संख्या | ११६५ | २१३३ | ७५८ | १२१४ | १५५९ | ८४९ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | घोडा | संख्या | १८१ | ३३९ | ६०१ | २५६ | ३५७ | ३०८ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | खसी | संख्या | ० | ० | ० | ० | ० | ६६९ | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सुँगुर/बंगुर | संख्या | ० | ० | ० | ० | २२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | खाने माछाको भुरा | संख्या | ० | ६२०२५० | ११८५०० | १२०००० | १६५००० | ५५०००० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | उँट | संख्या | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | झुपू/झुमा | संख्या | ० | ३९३ | १५४ | ० | ५ | ८ | ० | ० | ० | ० | ० | ० | ० |
| **पशुजन्य पदार्थ** | | | | | | | | | | | | | | | |
| १ | हड्डीको धुलो | मे.ट. | ० | ० | ० | ० | ० | ० | ४५८.३२ | ० | ० | ० | ० | ० | ० |
| २ | खाने माछा | के.जी. | ६६१२९० | ८१२५६० | ५३३८३० | ७६७००० | ७७८९०० | ३८८००० | २०३२० | १४४८०० | ८२४०० | ४००० | ८००० | ११५६०० | ० |
| **पशु उत्पादन सामग्री** | | | | | | | | | | | | | | | |
| १ | माछाको दाना | मे.ट. | ० | ० | ० | ० | ० | १६६.१७ | ४३७ | १०५१ | १०४८ | १०१३.८ | ९९९.६ | १६०१ | १९१२.३५ |
| २ | गाई भैसी वाखाको दाना | मे.ट. | ० | ० | ० | ० | ० | ७४.२७ | ३१० | ४५२ | २२५ | ३१५ | १८० | २२५ | २७० |
| ३ | फिड सप्लिमेन्ट | मे.ट. | ० | ९१.४६ | २७६.८१ | २८०.४ | ५६२.८३ | ३९४.७८ | ११०.८७ | १६६.७५ | ४६ | १५८ | ८३.७५ | १५१.९५ | १४८ |
| ४ | Soya lecithin | मे.ट. | ० | ० | ० | ० | ० | ६० | २१९.१३ | २४४.२३ | २०७.९ | ८४ | ८५ | ११२.८ | १३५ |
| ५ | राइस ब्रान | मे.ट. | ० | ० | ० | ० | १४२ | १७३ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | मकै | मे.ट. | ४२९ | १९५० | २१९५ | ६६३८ | ९४७० | ५५०६ | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | भटमासको पिना | मे.ट. | ५०४ | ८६३ | २३६० | ९३७४ | १०८७६ | ८८६२ | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | चना | मे.ट. | ३९४ | ३६८ | १६९ | २१७ | १०१ | २८९ | ० | ० | ० | ० | ० | ० | ० |






विगत १२ वर्षको आयातको विवरण हेर्दा आ.व. २०७५/७६ पछी जीवित पशु को आयात घट्दै गएको र आ.व. ७६/७७ पश्चात कुनै पनि जीवित पशु आयात भएको छैन यसको प्रमुख कारण पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ को अन्तर्राष्टिय स्वास्थ्यताको प्रमाणपत्र बिना प्रवेश रोक्ने कानूनको पूर्ण रुपमा परिपालन हो। पछिल्लो समय माछाको दानाको आयात धेरै नै बढेको देखिन्छ यसको प्रमुख कारणमा मत्स्य पालन व्यवसाय यस क्षेत्रमा फस्टाउनु हो त्यसो गरी माछाको आयात पनि घटेको देखिन्छ जुन नेपाली माछाले यहाको आवश्यकता पूर्ति गर्दै जानु हो ।

## ५.२ निर्यातको तुलनात्मक अवस्था

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुर तथा अन्तर्गतका चेक पोष्टहरूको बाटो भएर आ.व. २०८२/८३ मा कुकुर बिरालो २ वटा बाहेक पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको निर्यात भएको छैन। तालिका २१ मा आ.व. २०७०/७१ देखि २०८२/८३ सम्म बाह्र वर्षको अवधिमा कार्यालय मातहतका विभिन्न चेक पोष्टहरू भएर भएको पशु तथा पशुजन्य पदार्थहरूको निर्यातको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ।

**तालिका २०: पशु तथा पशुजन्य पदार्थहरूको निर्यातको तुलनात्मक विवरण**

| पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी मार्फत बिगत १२ वर्षको अबधिमा गरिएको निर्यातको विवरण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विवरण | इकाई | आ. व. २०७०/७१ | आ. व. २०७१/७२ | आ. व. २०७२/७३ | आ. व. २०७३/७४ | आ. व. २०७४/७५ | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ |
| १ | गाई/गोरु/बाच्छा/बाच्छी | संख्या | ७१३ | ४६७ | १९५ | १७३ | २१४ | ७३ | १८ | १० | ३७ | २८ | ० | ० | ० |
| २ | राँगा/भैसी/पाडा/पाडी | संख्या | ६८६ | १३५० | २५० | १९८ | १०९ | ५४ | ५० | ० | ० | ० | ० | ० | ० |
| ३ | बाखा/बोका | संख्या | २६६ | ६५३ | ६८५ | ३३३ | ४२६ | ३५१ | ६७ | ४५ | ६० | ८५ | ० | ० | ० |
| ४ | घोडा/खच्चड | संख्या | ४०९ | १९७ | ३७२ | २५८ | ३२५ | ७२ | १५ | २८ | ३५ | २५ | ० | ० | ० |
| ५ | भेडा/थुमा | संख्या | ३६७ | ३५ | ० | १२१ | ४६ | ६२ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | बंगुर/सुँगुर | संख्या | ३ | ० | १३ | ६ | २ | २ | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | झुपु/झुमा | संख्या | ० | २२२ | २९ | २७५ | २३५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | कुकुर बिरालो | संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ९ | छाला | व. फि. | ५०६ | १८५७ | १७१६ | ९६० | ११४७ | ४६५ | ० | ० | ० | ० | ० | ० | ० |







आ.व. २०७९/८० पश्चात जीवित पशु तथा अन्य कुनै पनि पशु, पशुजन्य, पदार्थ तथा पशु उत्पादन सामग्री निर्यात भएको तथ्यांक छैन। यसको प्रमुख कारणहरुमा भारतको पशु आयात निर्यातको राष्ट्रिय नीति र नेपालमै पशुहरुले बजार पाउनु जस्ता कारणहरु रहेका छन। तर घरपालुवा कुकुर बिरालोको आयात निर्यात बढ्दो क्रममा रहेको छ ।

# ६ पशु,पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको नष्ट सम्बन्धि तुलनात्मक विवरण

**तालिका २१ : आ.व. २०७६/७७ देखि आ.व. २०८२/८३ सम्मको पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको नष्टको विवरण**

| क्र. सं. | पशु वस्तुको विवरण | इकाई | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | ब्रोइलर कुखुरा | संख्या | ४०६४ | ४३६३ | ११९२ | ३८८४ | ३५१६ | ४८१ | २५१५ |
| २. | ब्रोइलर कुखुरा चल्ला | संख्या | ० | ६८७८ | ० | ५५० | ५९५० | १०२४० | ३५६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | सेतो अण्डा | संख्या | ७१७६ | १५१५ | ५५०८ | ९८९९ | ४३२६ | ४०५० | ४७०० |
| ४. | खाने माछा | के.जी | २१३५ | २८८७ | ९२५ | १२९० | २१०० | १३४४ | १५२४ |
| ५. | माछाको भुरा नष्ट | गोटा | ० | १००० | ० | ० | १००० | ० | ० |
| ६. | सिद्रा माछा | के.जी | ० | ० | ० | ० | १३३६ | ० | ७५० |
| ७. | अवैध भैसीको छाला | पिस | ० | ० | ० | ० | ३ | ० | ० |
| ८. | कुखुराको मासु | के.जी | २५३३ | ८३१ | १२०९ | १७७१ | २९९ | २१७ | २ |
| ९. | सौन्दर्य माछा | संख्या (पिस) | | | | | | | ५२ |

## ७ अवैध पशु तथा पशुजन्य पदार्थहरुको लिलाम सम्बन्धि तुलनात्मक विवरण

**तालिका २२ आ.व. २०७८/७९ देखि  २०८२/८३ सम्मको पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको भन्सार कार्यालय मार्फत लिलामको  विवरण**

| क्र. सं. | पशुवस्तुको विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | भैसी | गोटा | १३ | १ | २९ | ५५ | २० |
| २. | पाडा/पाडी | गोटा | ५ | २ | १५ | २६ | १० |
| ३. | बोका/खसी | गोटा | ११ | १३ | २ | २७ | १७ |
| ४. | बाख्रा | गोटा | | ५ | १३ | २६ | १२९ |
| ५. | घोडा/खच्चड | गोटा | | | ११ | ३७ | ३३ |
| ६. | बंगुर | गोटा | | १ | | ० | ० |
| ७. | राँगा | गोटा | | | ६ | ६ | १० |
| ८. | भेडाको उन | के.जी | | | | १५ | ० |
| ९. | भेडा | संख्या | | | | | ४ |
| १० | पशु दाना | के.जी | | | | ८० | |
| ११. | पाठा/पाठी | संख्या | | | | | २ |
| १२. | सिद्रा माछा | के.जी | | | | | १० |

## ८. पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको सुशासन सम्बन्धि विवरण

## ८.१ सुशासन तर्फ थालिएका प्रयासहरू

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरले सेवा प्रवाहको क्रममा सुशासन सम्बन्धि अवलम्बन गरेका प्रयासहरू निम्न अनुसार छन्:

- नागरिक बडापत्रको व्यवस्था भएको।
- उजुरी पेटीकाको व्यवस्था।

- सूचना पाटी राखिएको।
- सूचना अधिकारी तोकिएको।
- विभिन्न निकायहरूबाट बेला बखतमा भएका अनुगमनबाट प्राप्त सुझावहरू कार्यान्वयन भएको।
- कार्यालयको वेवसाइट निर्माण गरी संचालनमा ल्याइएको (aqogaddachauki.gov.np)
- सेवा प्रवाहमा छरितोपना तथा चुस्तता।
- क्वारेन्टाइन सम्बन्धि विद्यमान ऐन कानूनहरू कडाईका साथ कार्यान्वयन भएको।
- आयातको लागि Nepal National Single Window मार्फत एकद्वार प्रणाली मार्फत कार्य गर्ने गरेको
- क्वारेन्टाइन सम्बन्धि तथ्यांक र क्रियाकलापको अध्यावधिक गर्न सफ्टवेयर निर्माण गरि संचालनमा ल्याइएको

## ८.२ पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको नागिरक बडापत्र

नेपाल सरकारले सरकारी कार्यालयहरूबाट सेवा प्रवाह गर्दा पारदर्शीता अपनाएर सेवाग्राहीहरूलाई छिटो छरितो सेवा प्रदान गरी सुशासनको प्रत्याभूती दिलाउनको लागि अख्तियार गरेको रणनीति मध्येको एक नागरिक बडापत्र राख्नु पर्ने प्रावधान हो। पशु क्वारेन्टाइन कार्यालयहरू नियमनकारी कार्यमा मात्र संलग्न रहने गरेको हुंदा विकास तथा निर्माण कार्यसँग सम्बन्धित अड्डाहरू जस्तो यस कार्यालयमा क्षतिपूर्ती सहितको नागरिक बडापत्रको व्यवस्था गरेको देखिदैन। पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको नागरिक बडापत्र तालिका २२ मा प्रस्तुत गरिन्छ।

**तालिका २३ः पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको नागरिक बडापत्र**

# नागरिक वडापत्र

| क्र.स. | सेवा सुबिधा | सेवा प्रवाहको प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | शुल्क | समय | | | |
| १ | क्वारेन्टाइन जाँच र प्रमाणपत्र प्रदान | विदेशबाट आयात हुने पशुपन्छी, पशु जन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको स्वास्थ्य परीक्षण गर्ने परिक्षण पश्चात स्वस्थ्य भएमा क्वारेन्टाइन प्रमाणपत्र प्रदान गर्ने | निः शुल्क तथा तोके अनुसारको दस्तुर | १५ मिनेट देखि १ घण्टा | चेकपोस्ट प्रमुख/ क्वारेन्टाइन अधिकृत | कार्यालय प्रमुख | पशु क्वारेन्टाइन चेकपोस्ट धनगढी, गड्डाचौकी, बेलौरी र दार्चुला बाट सेवा प्रवाह हुने |
| २ | सिमा नाका तथा क्वारेन्टाईन कार्यको अनुगमन | खुला सिमाना, चेकपोस्ट, चोरी निकासी बारेमा अनुगमन निरीक्षण गर्ने | निः शुल्क | आवश्यकता अनुसार | कार्यरत सम्पूर्ण कर्मचारी | कार्यालय प्रमुख | |
| ३ | निः संक्रमण गर्ने | विदेशबाट आयात हुने पशुपन्छी, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरु राखिएका स्थान तथा सवारी साधनलाई निसंक्रमण गर्ने | निः शुल्क | १५ मिनेट देखि १ घण्टा | प्राविधिक कर्मचारी तथा कार्यालय सहयोगी | चेकपोस्ट प्रमुख | |
| ४ | नमुना संकलन तथा प्रेषण गर्ने | विदेशबाट आयात हुने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुमा रोग तथा दावी गरिएको गुणस्तर नभएको शंका लागेमा नमुना संकलन गरि प्रयोगशाला पठाउने | निः शुल्क तथा तोके अनुसारको दस्तुर | आवश्यकता अनुसार | चेकपोस्ट तथा कार्यालयमा कार्यरत पशु स्वास्थ्य प्राविधिकहरु | चेकपोस्ट प्रमुख | |

| ५ | ऐन कानुनको जानकारी | क्वारेन्टाइन संग सम्बन्धित ऐन कानुनहरुको बारेमा जानकारी प्रदान | निःशुल्क | आधा घण्टा सम्म | चेकपोस्ट र कार्यालयमा कार्यरत प्राविधिकहरु | कार्यालय प्रमुख | |
|---|---|---|---|---|---|---|---|
| **निकासी/पैठारीकर्ताले निकासी/पैठारी गर्नु पर्ने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री जाँचको लागि NNSW मा ४८ घण्टा अगाडी नै अनुरोध र सम्बन्धित क्वारेन्टाइन अधिकृत वा अधिकार प्राप्त कर्मचारीलाई जानकारी दिनुपर्छ ।** | | | | | | | |

पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी प्रमुखः ९८५८७७७१३३ सूचना अधिकारीः ९८५८७७७१३२

## ८.३ अनुगमन तथा निरीक्षण सम्बन्धि विवरण

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको आ.व. २०८२/८३ को अवधिमा विभिन्न निकायहरूबाट भएको अनुगमन तथा निरीक्षण र प्राप्त सुझावहरू तालिका २३ मा प्रस्तुत गरिएका छन् ।

**तालिका २४ः अनुगमन तथा निरीक्षण र सुझावहरू**

| क्र.सं. | अनुगमनकर्ताको विवरण | | | अनुगमन गरेको मिति | मुख्य सुझावहरू |
|---|---|---|---|---|---|
| | नाम थर | पद | कार्यरत निकाय | | |
| १ | डा. सम्झना कुमारी काफ्ले | सहसचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८२/०८/०५ | कार्यालय सहयोगीको दरवन्दी कम भएकाले भविष्यमा हुने O and M Survey मा सम्बोधन हुने गरी राय प्रस्ताव गर्ने साथै यस नाकाबाट पशुपन्छी जन्य पदार्थको आयात नभएको हुदाँ यस्तो अवस्थामा हुन सक्ने Informal Trade निरुत्साहित तथा नियन्त्रणका लागी सरोकारवाला निकायहरुसँग समन्वय गरी क्वारेन्टाइन कार्यक्रम संचालन गर्ने । |
| | डा. मोदनाथ गौतम | व.प.चि. | | | |
| | डा. सुहेल के.सी | पशु चिकित्सक | | | |
| | डा. दिक्षा सापकोटा | प.चि. | | | |
| २ | डा उमेश दाहल | महानिर्देशक | पशु सेवा विभग | २०८२/१०/१४ | कार्यालयमा रहेको प्रयोगशाला उपलब्ध समाग्रीहरुको प्रयोग गरि सामान्य संचालनका लागी तयार भए पनि केहि सामाग्री र जनशक्ती व्यवस्थापनका लागी पशु सेवा विभागमा पत्रचार गर्ने र बजेटको लागी आगामी वर्षको कार्क्रममा समाबेश गरि आगामी वर्षमा संचालनमा ल्याउने।<br>कञ्चनपुर जिल्ला दोधारांँचादनी नगरपालिका स्थित निर्माणाधिन अवस्थामा रहेको सुख्खा बन्दरगाहको समेत अवलोकन गरीयो ।साथै कार्यालय व्यवस्थापन लगायतका नियमित कार्यहरु राम्रो रहेको । |
| ३ | डा.चिरञ्जिवि पन्थ | प.चि. | पशु क्वा. महाशाखा, पशु सेवा विभाग | २०८३/०१/२८ | दर्तावाल पशु चिकित्सकको अभावले आन्तरिक पशु ओसारपसारका लागी स्वास्थ्य तथा भेटेरीनरी प्रमाणपत्र जारी गर्न समस्या देखीएको ।<br>अन्य कार्यालय व्यवस्थापन लगायतका नियमित कार्य राम्रो रहेको । |
| | श्री हरि सिंह भाट | प.चि | | | |
| | श्री कमल पराजुली | प. स्वा. प्रा. | | | |
| ४ | डा.हेम राज अवस्थी | प्रमुख पशु विकास अधिकृत | रा.प.आ.ला.गु.व्य.प्र हरिहरभवन | २०८३/०२/२८ | १. कार्यालयमा जम्मा २० दरबन्दी मध्ये १६ जनाको पदपूर्ति भएको र ४ जना काजमा रहेको पाइयो । तसर्थ कर्मचारी पदपूर्ति भई क्वारेन्टाइन चेकपोष्ट र नाका निरिक्षण अनुगमनलाई प्रभावकारी बनाउन पशु सेवा विभागमा अनुरोध गर्ने ।<br>२. पशुजन्य र दानाजन्य पदार्थ आयातका क्रममा नमूना संकलन गरी सम्बन्धीत प्रयोगशालामा प्रेशण गर्ने र दाना जन्य पदार्थ, तयारी दानो POST IMPORT MONITORING गरी नमूना संकलन तथा भण्डारण राम्रो |
| | डा. नरेश प्रसाद जोशी | व.प.चि. | पशुपन्छी रोग अन्वेषण प्रयोगशाला कैलाली | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भए/नभएको सम्बन्धीत आयातकर्ता र विक्रिकर्तालाई पृष्ठपोषण दिने ।<br>३. कार्यालयको प्रयोगशाला उपयोगमा ल्याउन प्रयत्न गर्ने<br>४. निकट भविष्यमा हुने O and M मार्फत यस कार्यालय र अन्तर्गतका चेकपोष्टहरुबारे पुनरावलोकन गरी विभागमा पेश गर्ने । अन्त्यमा कार्यालय र सम्पूर्ण कर्मचारीको उत्तरोत्तर प्रगतिको कामना । |

## ९. पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरमा हालसम्म सेवा प्रदान गरेका कार्यालय प्रमुखहरूको नामावली सूची

कञ्चनपुर जिल्लामा पशु क्वारेन्टाइन चेकपोष्ट स्थापना भएदेखि प्रमुख भई हालसम्म सेवा प्रदान गर्नु भएका पदाधिकारीहरूको नामावली सूची तालिका २४ मा उल्लेख गरिएको छ ।

**तालिका २५ः पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरको स्थापना समय देखि हाल सम्मका कार्यालय प्रमुखहरूको नामावली र कार्यरत समयावधि**

| क्र.सं. | कार्यालय प्रमुखको नाम थर | पद | सेवा अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | श्री किशोर थापा | ना.प्रा.स. | २०४१ जेठ | २०४४ | चे.पो. मा दरबन्दी सृजना भएको तर जि.प.से.का. मार्फत खाता सञ्चालन |
| २. | श्री उद्धव ब. ठगुन्ना | ना.प्रा.स. | २०४४ | | |
| ३. | श्री हेमराज जोशी | प्रा.स. | २०५० फागुन | २०५२ असोज | क्वा. को खाता सञ्चालन |
| ४. | श्री पदमराज कलौनी | प्रा.स. | २०५२ कार्तिक | २०५४ | |
| ५. | श्री डा. तुलसीराम थापा | स.प.चि. | २०५५ | २०५५ | तीन महिना |
| ६. | श्री रामदत्त जोशी | प्रा.स. | २०५५ | २०५६ | |
| ७. | श्री पदमराज कलौनी | प्रा.स. | २०५७ | २०५८ | |
| ८. | श्री डा. पदमराज कलौनी | प्रा.स. | २०५९ | २०६० चैत्र | विद्यावारिधी |
| ९. | श्री डा. डिकरदेव भट्ट | स.प.चि. | २०६१/१/१ | २०६१/६/१७ | |
| १०. | श्री डा. रामशरण शाह | व.प.चि. | २०६१/६/१८ | २०६३/९/६ | |
| ११. | श्री रामदत्त जोशी | प्रा.स. | २०६१/९/७ | २०६३/१०/३० | |
| १२. | श्री डा. महन्थ यादव | व.प.चि. | २०६३/११/१ | २०६४/५/१४ | |
| १३. | श्री रामदत्त जोशी | प्रा.स. | २०६४/५/१५ | २०६४/७/३० | |
| १४. | श्री डा. पदमराज जोशी | प.चि. | २०६४/८/१ | २०६५/१०/२९ | |
| १५. | डा. बोधनाथ अधिकारी | प.चि. | २०६५/११/१ | २०६५/१२/३० | |
| १६. | श्री डा. पदमराज कलौनी | प.चि. | २०६६/१/१ | २०६६/२/३० | |
| १७. | श्री डा. विष्णु प्र. धित्ताल | प.चि. | २०६६/३/१ | २०६६/६/३० | |
| १८. | श्री डा. पदमराज कलौनी | प.चि. | २०६६/७/१ | २०६६/११/२० | |
| १९. | श्री डा. बसन्त ब. सिंह | प.चि. | २०६६/११/२८ | २०७०/८/२६ | |
| २०. | श्री काशीराज जोशी | प.चि. | २०७०/८/२७ | २०७१/११/१० | |
| २१. | श्री मोहनदेव पाण्डेय | प.चि. | २०७१/११/११ | २०७२/१०/१३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | श्री लोकराज जोशी | व.प.चि. | २०७२/१०/१४ | २०७३/३/२८ | |
| २३. | श्री मोहनदेव पाण्डेय | प.चि. | २०७३/३/२९ | २०७५/६/२४ | |
| २४. | श्री डा. विनय कुमार कर्ण | व.प.चि. | २०७५/६/२५ | २०७८/०७/१२ | |
| २५. | डा. नरेश प्रसाद जोशी | प. चि. | २०७८/०७/१३ | २०७८/१०/२३ | |
| २६. | डा. शलिना मानन्धर | व.प.चि. | २०७८/१०/२४ | २०७९/०८/८ | ८/८ देखि ९/१७ सम्म श्री गोपाल सिंह धामी |
| २७. | डा. टिकाराम खनाल | प.चि. | २०७९/०९/१८ | २०७९/१२/१९ | |
| २८. | डा. उत्तम आचार्य | व.प.चि. | २०७९/१२/२० | २०८०/०८/२९ | |
| २९. | डा. टिकाराम खनाल | प.चि. | २०८०/०८/३० | २०८१/०७/१४ | |
| ३०. | डा. अरुण खनाल | प.चि. | २०८१/०७/१५ | हालसम्म | |

## १०. पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर मातहत कार्यरत कर्मचारी विवरणः

**तालिका २६ः कार्यालयमा कार्यरत कर्मचारी विवरण**

| क्र.सं. | कर्मचारीको नाम | क.स.नं. | सम्पर्क नम्बर | हालको पद | श्रेणी/तह | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डा. उत्तम आचार्य | २००५७५ | ९८५७०२८९१५ | व.प.चि. | रा. प. द्वितीय | | काजमा बुटवल REED |
| २ | डा. अरुण खनाल | २४५७५२ | ९८६५०७०४२२ | प. चि. | रा. प. तृतीय | कार्यालय गड्डाचौकी | निमित्त कार्यालय प्रमुख |
| ३ | डा. अनिस सापकोटा | २४४४५४ | | प.चि. | रा. प. तृतीय | | अध्ययन विदा |
| ४ | श्री बिनिराम बुढाथोकी | २२००७५ | ९८४६९८४६७९ | प.चि. | रा. प. तृतीय | | काजमा NAMP |
| ५ | श्री पुष्पराज भारती | १५९३४७ | | प.चि. | रा. प. तृतीय | | रानीजमरा आयोजना काज |
| ६ | श्री महेश राज जोशी | १९९६२१ | ९८४८८३४९०९ | लेखापाल | रा. प. अ. प्रथम | कार्यालय गड्डाचौकी | |
| ७ | श्री गोपाल सिंह धामी | १७३९१९ | ९८४५०३०५८३ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, दार्चुला | |
| ८ | श्री मिन बहादुर बम | १५३९८१ | ९८६५९६३७७५ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, दार्चुला | |
| ९ | श्री धन कृष्ण अधिकारी | २०२१८५ | ९८४९७४५९११ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | | काजमा सुर्खेत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला |
| १० | श्री सविता कुमारी बम | २१५६४१ | ९८६५६०५९५६ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, धनगढी | |
| ११ | श्री महादेव भट्ट | २१६१३२ | ९८४८७५९२८९ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, बेलौरी | |
| १२ | श्री प्रविन खाती | २४३९९६ | ९८६८४२०८६५ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, गड्डाचौकी | |
| १३ | श्री पुस्पा धामी | २४४८४६ | ९८६५७४४०४५ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, धनगढी | |
| १४ | श्री जनक राज भट्ट | २४९६०० | ९८६८८५३५८६ | प.स्वा.प्रा. | रा. प. अ. प्रथम | चेकपोष्ट, बेलौरी | |
| १५ | श्री जयबीर धामी | २०७०७६ | ९८६०००५४८३ | खरिदार | रा. प. अ. द्वितीय | कार्यालय गड्डाचौकी | |
| १६ | श्री प्रेम सिह धामी | १४६६७४ | ९८६८९१८६९१ | का.स | श्रेणी बिहिन | चेकपोष्ट, गड्डाचौकी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | श्री पुष्पराज पनेरु | करार | ९८४८८१५२३९ | ह. स. चा. | श्रेणी बिहिन | कार्यालय गड्डाचौकी | |
| १८ | श्री लाल बहादुर नेगी | करार | ९८०६४६७५५६ | का. स. | श्रेणी बिहिन | चेकपोष्ट, बेलौरी | |
| १९ | श्री राजेन्द्र प्रसाद भट्ट | करार | ९७६५४४०३०० | का. स. | श्रेणी बिहिन | कार्यालय गड्डाचौकी | |

## ११. समस्याहरू

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुरले प्रभावकारी ढंगले सेवा प्रदान गर्ने क्रममा निम्नलिखित समस्याहरूको सामना गर्दै आएको छः

- कार्यालयसँग भौतिक पूर्वाधार भए पनि प्रयाप्त जनशक्तीको अभाव र प्रयोगशालामा आवश्यक मेसिनरी उपकरण अभावले गर्दा प्रयोगशालालाई व्यवस्थित रुपमा सञ्चालन गर्न नसकिएको।
- चेकपोष्टहरुमा होल्डिंग यार्ड नहुनु
- पशु क्वारेन्टाइन चेकपोष्ट धनगढी, कैलाली र चेकपोष्ट दार्चुला भाडामा संचालन गर्नु परेको
- कार्यालय तथा अन्तर्गतका चेकपोष्टहरूसँग आवत जावत, गस्ती प्रयोजन वा कार्यालयसँग सम्बन्धित विभिन्न कार्यहरू समयमैं सम्पन्न गर्नको लागि सवारी साधनको कमि तथा हाल उपलब्ध मोटरसाइकलहरु पनि जीर्ण र काम चलाउ अवस्थामा छन्।
- क्वारेन्टाइन चेक पोष्टहरूसँग आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूलाई क्वारेन्टाइन गरी चेक जाँच गर्नको लागि क्वारेन्टाइन होल्डिङ्ग यार्ड उपलब्ध छैन जसले गर्दा क्वारेन्टाइन जाँच पक्रृया प्रायः भौतिक तथा दस्तावेजीय जाँचमा आधारित छन्।
- पशु क्वारेन्टाइन कार्यमा सहयोगी निकायहरू जस्तै सीमा भन्सार कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बिच समन्वयको खाँचो छ। यसले गर्दा **"अग्र पंक्तिमा क्वारेन्टाइन"** को विश्वव्यापी मान्यता र अभ्यास सार्थक हुन सकेको छैन।
- पशु क्वारेन्टाइन कार्यालय र मातहतका चेक पोष्टहरूमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ५ अनुसारको नेपाल पशु चिकित्सक परिषदमा दर्तावाल पशु चिकित्सकको मात्र पदस्थापना हुन सकेको छैन् भएका पनि अन्यत्र काजमा पठाउने प्रावधानले हुनुपर्ने जति प्रगति हुन सकेको छैन।
- अतिरिक्त सेवा सुविधा नभएका कारण पशु क्वारेन्टाइन कार्यालय वा चेक पोष्टमा कार्यरत कर्मचारीले त्यस्तो कुनै सुविधा पाउने व्यवस्था नभएकोले कार्यालय समय बाहेक अन्य समयमा सेवा प्रवाह व्यवहारिक रुपमा थोरै भए पनि कानूनी रुपमा हुन नसकेको। जसले गर्दा सेवाग्राहीलाई मर्का परेको देखिन्छ।

## १२. भावी दिशा

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुर र अन्तर्गतका चेकपोष्टहरूबाट प्रवाह गरिने सेवाको प्रभावकारिता र जनमानसमा यस सेवाको आवश्यकता तथा विश्वसनीयता बढाउनको लागि भविष्यमा निम्नलिखित रणनीति अख्तियार गर्नु पर्ने देखिन्छः

- मुलुकमा संघीयताको अभ्यास गर्दै जाँदा पशु सेवा विभागले बर्षौदेखि सञ्चालन गर्दै आएको परम्परागत कार्यक्रमहरूमा परिमार्जन गर्न जरूरी छ। नेपालको संविधान, २०७२ को अनुसूची ५ देखि ९ सम्म भएको कार्य विभाजन अनुसार पशु सेवा तर्फ परिमाणात्मक कार्यक्रमहरू स्थानीय तह र प्रदेश सरकारले सञ्चालन गर्ने भएकोले संघीय सरकार अन्तर्गतको पशु सेवा विभागले पशु सेवा तर्फ

गुणात्मक विकासमा ध्यान दिनु पर्ने देखिन्छ। जोखिममा आधारित क्वारेन्टाइन जाँच, जोखिम विश्लेषण, प्रयोगशाला सेवा सुदृढीकरण, र रोग रोकथाम, नियन्त्रण र उन्मुलनको लागि रोग अनुसन्धान प्रणाली स्थापनाको लागि परियोजनागत कार्यक्रम ल्याउन सान्दर्भिक देखिन्छ जस अन्तर्गत भौतिक पूर्वाधार विकास, दक्ष क्वारेन्टाइन जाँचकीको डफ्फा तयारी, पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ट्रेकिङ्ग तथा ट्रेसेबिलिटी केन्द्रमा रहने गरी क्वारेन्टाइन सूचना प्रणाली विकास जस्ता प्रधान मुद्दाहरूलाई उच्च प्राथमिकतामा राख्नु पर्छ। त्यसै गरी, पशु सेवा तर्फ आवश्यक नीति तथा कानून निर्माण, मापदण्ड तयारी तथा कार्यान्वयन, पशुजन्य उद्योग स्थापना, मुल्य श्रृङ्खला विकासमा आधारित कार्यक्रमहरू सञ्चालन, र पशुजन्य उत्पादन निर्यात प्रवद्धन विशेष आर्थिक क्षेत्र विकास तर्फ आयोजनागत प्याकेजमा कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ।

- क्वारेन्टाइन चेकपोष्ट भएको क्षेत्रमा भण्डारण, बेग्ला बेग्लै खेपका आयातित पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई अलग-अलग राख्ने तथा जाँच्ने व्यवस्था, लोड अनलोड गर्ने सुविधा, जैविक सुरक्षाको लागि उपयुक्त व्यवस्था, पशु कल्याण सम्बन्धि व्यवस्था, शौचालय, हात धुने ठाउँ, चेञ्ज रूम जस्ता सुविधा भएको क्वारेन्टाइन होल्डिङ्ग यार्ड निर्माण गर्नु नितान्त जरूरी छ।
- आम जनमानसमा क्वारेन्टाइन सम्बन्धि नागरिक शिक्षाको प्रसारलाई प्राथमिकताका साथ सञ्चालन गर्नु पर्ने हुन्छ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को विद्यमान पशु क्वारेन्टाइन सम्बन्धि व्यवस्थामा यात बृहत परिमार्जन यात पशु क्वारेन्टाइन सम्बन्धि नयाँ ऐन तर्जुमा गर्नु पर्ने देखिन्छ। परिमार्जित वा नयाँ निर्माण गर्दा क्वारेन्टाइन कानूनमा जोखिम विश्लेषण (Risk Analysis), पैठारी पूर्व गरिने क्वारेन्टाइन जाँच (Pre-border Inspection), क्वारेन्टाइन जाँच (Border Inspection) र देश भित्र गरिने जाँच (Post-border/In-country Inspection) को व्यवस्था, पशु क्वारेन्टाइनको कार्य भुक्तानीको आधारमा मात्र भन्सारले आगामी कारवाही थाल्न सक्ने व्यवस्था (Quarantine First), ऐनका विभिन्न शब्दावली परिभाषित गर्दा विश्व पशु स्वास्थ्य संगठनले जारी गरेको टेरेसट्रियल एनिमल हेल्थ कोडको आधारमा गर्ने, भेटेरिनरी निरीक्षकको रूपमा क्वारेन्टाइन अधिकृतलाई अनिवार्य तोक्ने व्यवस्था, आयात पछि मुलुकमा भित्रिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई गन्तव्यमा पुगिञ्जेल तथा बिक्री वितरण गरिञ्जेल अवस्था अनुसार सीमा क्वारेन्टाइन वा आन्तरिक क्वारेन्टाइनले In-Country Inspection गर्नु पर्ने अनिवार्यता जस्ता पक्षहरू समेटिनु पर्ने हुन्छ।
- पशु क्वारेन्टाइन प्रणाली भित्र पशु चिकित्सक पदमा ऐनको दफा (५) ले गरेको व्यवस्थाको अक्षरअनुसार पालना गर्नु पर्ने हुन्छ।
- आयात जोखिम अध्ययन पश्चात मात्र आयात अनुमति दिने प्रावधानको सुरुवात हुँदै छ आगामी दिनहरुमा यसलाई प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ ।

## आयात जोखिम विश्लेषण (Import Risk Analysis)

आयात जोखिम विश्लेषण भनेको के हो?

पशु, पशुजन्य उत्पादन, आनुवंशिक सामग्री, दाना, जैविक पदार्थ वा रोगजन्य नमूना आयात गर्दा कुनै रोग देशभित्र प्रवेश गर्न सक्ने सम्भावना रहन्छ। यस सम्भावित जोखिमको वैज्ञानिक मूल्याङ्कन गर्ने प्रक्रियालाई आयात जोखिम विश्लेषण (Import Risk Analysis) भनिन्छ। यसको मुख्य उद्देश्य आयातसँग सम्बन्धित रोगको जोखिम पहिचान गरी वैज्ञानिक आधारमा उपयुक्त स्यानिटरी (Sanitary) उपाय निर्धारण गर्नु हो। यस

प्रक्रियामा प्रयोग गरिएका तथ्य, प्रमाण, विधि तथा निष्कर्ष पारदर्शी र स्पष्ट हुनुपर्छ। जोखिम विश्लेषणका चार मुख्य अवयवहरु:




**चार अवस्थाहरु:**

- Hazard Identification (जोखिमको स्रोत पहिचान)
- Risk Assessment (जोखिम मूल्याङ्कन)
- Risk Management (जोखिम व्यवस्थापन)
- Risk Communication (जोखिम सञ्चार)

**१. Hazard Identification (जोखिमको स्रोत पहिचान)**

यस चरणमा आयात हुने वस्तुसँग सम्बन्धित सम्भावित रोगजनक (Virus, Bacteria, Parasite आदि) को पहिचान गरिन्छ।

यस क्रममा निम्न पक्षहरू अध्ययन गरिन्छ:

- रोग निर्यात गर्ने देशमा छ वा छैन?
- आयात गर्ने देशमा रोग पहिलेदेखि छ वा छैन?
- रोग नियन्त्रण वा उन्मूलन कार्यक्रम लागू छ वा छैन?

यदि कुनै रोगजन्य जोखिम पहिचान नै भएन भने थप जोखिम मूल्याङ्कन आवश्यक पर्दैन।

**२. Risk Assessment (जोखिम मूल्याङ्कन)**

जोखिम मूल्याङ्कन गुणात्मक (Qualitative) वा परिमाणात्मक (Quantitative) दुवै हुन सक्छ। यसको उद्देश्य रोग प्रवेश गर्ने सम्भावना र त्यसका असरहरूको वैज्ञानिक अनुमान गर्नु हो।

यसका चार चरण छन्:

**(क) Entry Assessment**

रोगजन्य जीव आयातमार्फत देशभित्र प्रवेश गर्ने सम्भावना मूल्याङ्कन गरिन्छ। यसमा हेर्ने प्रमुख पक्षहरू

- पशुको प्रजाति, उमेर तथा स्वास्थ्य अवस्था
- खोप, परीक्षण तथा क्वारेन्टाइन
- निर्यात गर्ने देशको रोग अवस्था
- वस्तुको प्रकार तथा परिमाण
- ढुवानी र भण्डारण अवस्था

यदि प्रवेशको जोखिम नगण्य देखिएमा अर्को चरण आवश्यक नहुन सक्छ।

**(ख) Exposure Assessment**

देशभित्र प्रवेश गरेपछि मानिस वा पशुमा रोगको सम्पर्क हुने सम्भावना अध्ययन गरिन्छ।

मुख्य आधार

- ✓ रोगजनकको विशेषता
- ✓ सम्भावित वाहक (Vector)
- ✓ जनसंख्या
- ✓ वातावरण
- ✓ आयातित वस्तुको प्रयोग
- ✓ फोहोर व्यवस्थापन

जोखिम नगण्य भएमा मूल्याङ्कन यही चरणमा समाप्त गर्न सकिन्छ।

**(ग) Consequence Assessment**

यदि रोग फैलियो भने त्यसबाट हुने असरहरूको मूल्याङ्कन गरिन्छ।

**प्रत्यक्ष असर**

- ✓ पशुमा रोग
- ✓ उत्पादनमा कमी
- ✓ जनस्वास्थ्यमा असर

**अप्रत्यक्ष असर**

- ✓ निगरानी तथा नियन्त्रण खर्च
- ✓ क्षतिपूर्ति
- ✓ अन्तर्राष्ट्रिय व्यापारमा असर
- ✓ वातावरणीय प्रभाव

**(घ) Risk Estimation**

Entry, Exposure र Consequence Assessment बाट प्राप्त नतिजालाई एकीकृत गरी समग्र जोखिमको स्तर निर्धारण गरिन्छ। यसका आधारमा आयातसम्बन्धी निर्णय गरिन्छ।

**३. Risk Management (जोखिम व्यवस्थापन)**

जोखिम स्वीकार्य स्तरमा राख्न आवश्यक स्यानिटरी उपाय लागू गर्ने प्रक्रियालाई जोखिम व्यवस्थापन भनिन्छ।

यसका मुख्य चरणहरू

- ✓ जोखिमको मूल्याङ्कन
- ✓ उपयुक्त नियन्त्रण उपाय छनोट
- ✓ कार्यान्वयन
- ✓ निरन्तर अनुगमन तथा समीक्षा

WOAH ले सिफारिस गरेका अन्तर्राष्ट्रिय मापदण्डहरू जोखिम व्यवस्थापनका लागि प्राथमिक आधार मानिन्छन्।

४. **Risk Communication (जोखिम सञ्चार)**

जोखिम विश्लेषणका सम्पूर्ण जानकारी सम्बन्धित निकाय, निर्णयकर्ता तथा सरोकारवालाबीच खुला, पारदर्शी र वैज्ञानिक रूपमा आदान प्रदान गर्ने प्रक्रियालाई जोखिम सञ्चार भनिन्छ। यसमा

- ❖ तथ्यमा आधारित सूचना आदान—प्रदान
- ❖ अनिश्चितताको स्पष्ट उल्लेख
- ❖ वैज्ञानिक समीक्षा (Peer Review)
- ❖ सरोकारवालाको सहभागिता महत्त्वपूर्ण मानिन्छ।

(स्रोतः विश्व पशु स्वास्थ्य संगठनको Terrestrial Animal Health Code 2024)

## १३. कार्यालय र मातहतका चेकपोष्टको सम्पर्क

**तालिका २७ः कार्यालय तथा मातहतका चेकपोष्टहरुको सम्पर्क विवरण**

| सि. नं. | कार्यालय/ चेकपोष्टको नाम | सम्पर्क नम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालयको टेलिफोन नम्बर | ०९९-४०२१३३ | aqogaddachauki@gmail.com | |
| २ | पशु क्वारेन्टाइन चेकपोष्ट गड्डाचौकी | ०९९-४०२०७३ | gaddachauki.checkpost@gmail.com | |
| ३ | पशु क्वारेन्टाइन चेकपोष्ट बेलौरी | ०९९५८०२३९ | belauricheckpost4@gmail.com | |
| ४ | कार्यालय प्रमुख | ९८५८७७७१३३ | | |
| ५ | सूचना अधिकारी | ९८५८७७७१३२ | | |
| ६ | लेखापाल | ९८५८७८७१३८ | | |
| ७ | चेकपोष्ट प्रमुख बेलौरी | ९८५८७८७१३५ | | |
| ८ | चेकपोष्ट प्रमुख धनगढी | ९८५८७८७१३६ | Aqcpdhangadhi552@gmail.com | |
| ९ | चेकपोष्ट प्रमुख दार्चुला | ९८५८७८७१३७ | meenbdrbam12345@gmail.com | |
| १० | चेकपोष्ट प्रमुख गड्डाचौकी | ९८५८७८७१३४ | | |

कार्यालयको वेव साइट : aqogaddachauki.gov.np

## १४. आ.व. २०८२/८३ मा सम्पादित क्रियाकलापहरुको तस्वीरहरुः



दार्चुला, कैलाली, कंचनपुर जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सीमा सुरक्षा तथा अन्य सरोकारवालाहरुसँग समन्वय बैठक



गाईभैसी, माछाको दाना, फिड सप्लिमेन्टहरुको क्वारेन्टाइन जाँच र नमुना संकलन गर्दै



पशु हाटबजारमा निःसंक्रमण सामग्री वितरण



सीमाबिहिन रोगहरुको रेपिर्ड टेस्ट र सर्भिलेन्सको लागी नमुना संकलन





पशु क्वारेन्टाइन, रेबिज रोग तथा अन्य जुनोटिक रोग सम्बन्धि सचेतनामूलक स्कुल शिक्षा कार्यक्रम



सीमा क्षेत्रका कृषकहरुलाई जुनोटिक रोग, क्वारेन्टाइन र असल पशुपालन सम्बन्धि १ दिने तालिम संचालन दोधाराचाँदनी नगरपालिका



सीमा क्षेत्रमा संचालनमा रहेका फर्महरुको विवरण संकलन



पशु ढुवानी मापदण्ड, पशुपन्छी क्षेत्रका कानूनी व्यवस्थाका बारेमा सरोकारवालासँग गोष्ठी चिसापानी र अत्तरिया, कैलाली





सशस्त्र सीमा प्रहरी बललाई पशु क्वारेन्टाइनको महत्व तथा कानूनी र प्राविधिक पक्षका बारेमा जानकारी गराउँदै





पशु क्वारेन्टाइन चेकपोष्ट बेलौरीमा मर्मत तथा रंगरोगन कार्य









कार्यालयमा ढल व्यवस्थापन, बगैंचा निर्माण र ढलान बाटो (परिसर भित्र) निर्माण कार्य









पशु स्वास्थ्य जाँच (निर्यात र लिलाम प्रयोजन)



अबैध रुपमा नेपाल भित्रिएका माछा, कुखुरा र चल्ला नष्ट गर्दै



सीमा क्षेत्रमा संचालित माछा पसल अनुगमन तथा उक्त माछाको उद्गम स्थलको बारेमा अध्ययन



पशु हाटबजारवाट नमुना संकलन



खोरेत रोग नियन्त्रणका लागि क्वारेन्टाइन कार्यक्रम (अबैध पैठारी कार्यदल गठन, परिचालन र जनचेतनामूलक कार्यक्रम)


















कृषि, वन तथा पर्यावरण मन्त्रालय र पशु सेवा विभागको तर्फबाट कार्यालय तथा दोधाराचाँदनी सुक्खा बन्दरगाहको प्रगति अनुगमन

**पशु क्वारेन्टाइन संग सम्बन्धित कानूनी दस्तावेजहरु :**

- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६
- पशु क्वारेन्टाइन (पहिलो संशोधन) कार्यविधि, २०७१
- पशु जन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र बिक्रीवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०
- पशु ढुवानी मापदण्ड, २०६४
- माछा भुरा बारे मापदण्ड, २०६१
- जैविक पदार्थ सम्बन्धी भेटेरिनरी मापदण्ड, २०६३
- मासु तथा मासुका परिकारहरुको आयात निर्यात मापदण्ड, २०६४
- अण्डा ढुवानी तथा भण्डारण मापदण्ड, २०७१
- Standard for Import Risk Analysis of Live Animal, Animal Product And Veterinary Biologicals, 2069 B.S.

# सूचना !        सूचना !!        सूचना !!!

पशुपन्छीको दानाको गुणस्तर कायमका लागि नेपाल सरकारले कुखुराको दानाको गुणस्तर मिति २०८०/०२/१५ को राजपत्र र दुध दिने गाई भैंसीको दानाको लागि मिति २०४७/०३/१८ गतेको राजपत्रमा दानामा हुनुपर्ने चारित्रिक गुण निर्दिष्ट गरेको छ । पशुपन्छी तथा माछ्राको दानामा एन्टिबायोटिक (Antibiotics) र ढुसी (Aflatoxin) हुनु हुँदैन । साथै दानामा क्रुड प्रोटिन कम्तिमा २०% हुनुपर्ने प्रावधान भएको हुँदा नेपाल सरकारले तोकेको मापदण्ड अपुग भएका पशुपन्छी तथा माछ्राका दाना उत्पादन, बिक्री वितरण नगर्न नगराउन सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध छ ।

**अनुरोधकः**

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
## पशु क्वारेन्टाइन कार्यालय
गड्डाचौकी, कंचनपुर

स्वस्थ पशु
सुरक्षित व्यापार
समृद्ध किसान

# चल्ला/माछाको भुरा/पशु/पशुजन्य पदार्थ/ पशु उत्पादन सामग्री पैठारी गर्दा

# आवश्यक क्वारेन्टाइन प्रक्रियाः



## १. अनुमति लिन आवश्यक कागजात सुचीः

- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस (Recommendation Letter)
- उधोग/ कम्पनी दर्ता प्रमाणपत्र (Industry/Company Registration Certificate)
- प्यान/भ्याट दर्ता प्रमाणपत्र (PAN/Vat Registration)
- कर चुक्ता प्रमाणपत्र (Tax Clearance Letter)
- इनभ्वाइस पत्र (Invoice/Performa Invoice)
- नवीकरण गरेको प्रमाणपत्र (Renew Certificate)
- गुणस्तर खुलेको प्रमाणपत्र (Quality Assurance Certificate)
- विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु




## २. क्वारेन्टाइन चेकपोस्टमा आवश्यक कागजात :

- अन्तरास्ट्रिय पशु स्वस्थ्यताको सक्कल प्रमाणपत्र (Original International Health Certificate/Sanitary Certificate)
- आधिकारिक बिल (Commercial Invoice)
- गुणस्तर खुलेको प्रमाणपत्र (Laboratory Certificate)
- विभागबाट जारी अनुमति पत्र (Recommendation Letter From DLS)
- चेकपोस्ट बाट माग भएका कानुन बमोजिमका अन्य कागजातहरु




## पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन सेवा प्राप्त गर्ने विधि

१. NNSW मा आफ्नो (व्यापारी/फर्म संस्थाले) खाता खोल्ने →
२. NNSW मार्फत पशु सेवा विभागमा सिफारिसका लागि आवश्यक कागजात सहित अनुरोध गर्ने →
३. पशु सेवा विभागले आवश्यक अध्ययन गरि (Risk Analysis) आवश्यकताका आधारमा अनुमति पत्र प्रदान गर्छ
४. पशु सेवा विभागबाट अनुमति पत्र प्राप्त पश्चात पशु ल्याउने सम्भावित मिति सम्वन्धि पशु क्वारेन्टाइन कार्यालयलाई खबर गर्ने
५. अन्तरराष्ट्रिय पशु स्वस्थताको प्रमाणपत्र, Commercial invoice (बिल) र आवश्यक कागजात सहित पशु सिमामा आए पछि NNSW बाट **Inspection** को लागि अनुरोध गर्ने
६. पशु क्वारेटाइन चेकपोष्ट बाट पैठारी वस्तुको चेकजाँच गरी आवश्यक परेमा क्वारेन्टाइनमा राख्ने, आवश्यकता अनुसार प्रयोगशाला परिक्षण गर्ने र क्वारेन्टाइन प्रमाणपत्र प्रदान गर्ने →
७. पशु क्वारेटाइन चेकपोष्टबाट क्वारेन्टाइन प्रमाणपत्र लिए पश्चात तोकिएबमोजिम भन्सार महसुल भन्सार कार्यालयमा बुझाई भन्सार पास लिने
८. आवश्यकता अनुसार Post- Quarantine अनुगमन, मुल्यांकन

## पशु क्वारेन्टाइन किन ?

- महामारी जन्य रोगको प्रवेश, फैलावट तथा नियन्त्रण गर्न
- पशु तथा मानव स्वास्थ्यको सुरक्षा
- अन्तरास्ट्रिय व्यापार नियमन तथा व्यवस्थित गर्न
- कृषकको आय र रोजगारीमा बृद्धि

⚠ क्वारेन्टाइन प्रक्रिया पुरा नगरी पैठारी गरिएका चल्ला, पशुजन्य पदार्थ, पशु, पशु उत्पादन सामग्री जफत गरी जरिवानाका साथै कानुन बमोजिम कारवाही हुन्छ ।

सरकारी नियमको पालना गरौं, स्वस्थ्य पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको व्यापार गरौं ।

**थप जानकारीका लागिः**

कार्यालयः ०९९ ४०२१३३
सूचना अधिकारीः ९८५८७७७१३२

गड्डाचौकी चेकपोस्टः ९८५८७८७१३४
बेलौरी चेकपोस्ट : ९८५८७८७१३५
धनगढी चेकपोस्टः ९८५८७८७१३६
दार्चुला चेकपोस्टः ९८५८७८७१३७

इमेलः aqogaddachauki@gmail.com
Website: aqogaddachauki.gov.np

**पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी कंचनपुर**

# पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुरको अनुरोध ।

- बाह्य मुलुकमा पशुपन्छी, माछा, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री आयात/निर्यात गर्दा सम्बन्धित मुलुकवाट पशु स्वस्थताको प्रमाणपत्र/ सेनेटरी प्रमाणपत्र सहित आवश्यक अन्य कागजात सहित पशु क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र सम्बन्धित चेकपोष्टवाट क्वारेन्टाइन प्रमाणपत्र लिएर मात्र आयात/निर्यात गर्ने गरौं ।
- देश भित्र उत्पादित पशुपन्छी, पशुपन्छी जन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको एक जिल्ला वाट अर्को जिल्लामा ओसारपसार गर्दा अनिवार्य रुपमा दर्तावाल पशु चिकित्सकहरु वाट पशु चेकजाँच गरी अनिवार्य रुपमा पशु स्वास्थ्यताको प्रमाणपत्र लिने गरौं ।
- पशुपन्छी संग सम्बन्धित कार्य वा पशुपन्छी ढुवानी गर्दा, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु ढुवानी मापदण्ड, २०६४ र पशु कल्याण निर्देशिका, २०७३ अनुरुप कार्य गर्ने गरौ ।
- पशुपन्छी ओसारपसार गर्दा तपशिल बमोजिमका कुराहरु पालना गर्ने गरौं ।

  १. पशु दुवानीकर्ताले  अनिवार्य रुपमा परिषदमा दर्तावाल पशु चिकित्सक द्वारा मात्र जारी गरीएको पशु स्वास्थ्य प्रमाण संगै लिने गरौ ।

  २. पशु ओसारपसार गर्दा पशुलाई यातना नहुने गरी, अस्वाभाविक रुपमा नाक, पुच्छर र खुट्टामा डोरी बाँधी ढुवानी नगरौं ।

  ३. खुट्टामा डोरी बाँधी मोटरसाइकल तथा साइकलहरुमा झुन्डाएर ओसारपसार नगरौ ।

  ४. क्षमता भन्दा बढी र साना ठुला पशु एकै ठाउँमा राखी, बसको डिक्की, छतमा तथा यात्रुवाहक सवारी साधनमा राखेर ढुवानी नगरौं / नगराऔं ।

  ५. रोगी र घाइते पशुको ओसारपसार नगरौं ।

  ६. पशु प्रति निर्दयी व्यवहार गरेमा मुलुकी ऐन अपराध संहिता, २०७४ को दफा २९० को उपदफा २ बमोजिम तीन महिना सम्म कैद वा ५,००० (पाँच हजार सम्म) जरिवाना वा दुवै सजाय हुन सक्ने छ ।

- माथि उल्लेखित कुराहरु उल्लङ्घन हुने गरी क्रियाकलाप गरेको पाइएमा नजिकको प्रहरी कार्यालय वा पशु क्वारेन्टाइन कार्यालयहरुमा जानकारी गरौं ।




## विश्व व्यापारमा क्वारेन्टाइनको महत्त्व






कार्यालय — निसंक्रमण — क्वारेन्टाइन जाँच — पशु स्वास्थ्य जाँच

भीमदत्त न.पा.-१०, गड्डाचौकी, कञ्चनपुर
aqogaddachauki@gmail.com
aqogaddachauki.gov.np